२०५८
सहमति

# सहमति सन्देश

(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

वर्ष १३, अङ्क १, पूर्णाङ्क ४० (Year 13, Vol. 1, Issue 40 ) श्रावण, २०७५ / July 2018, SAHAMATI SANDESH

## विपद् व्यवस्थापन र जीविकोपार्जन विशेष

### संस्थागत भनाई



विगत १८ वर्षदेखि अनवरत रुपमा अन्तर्राष्ट्रिय, राष्ट्रिय, सरकारी र गैर-सरकारी साथै नीजि क्षेत्रहरुसँगको साझेदारीमा सामाजिक र आर्थिक रुपान्तरण उन्मूख परियोजना सञ्चालन गरी राष्ट्र निर्माणमा सहमति, गैंडाकोटको भूमिका उल्लेख्य रहेको छ । आर्थिक, सामाजिक, राजनैतिक साथै संरचनागत उतार चढाव अनुरुप बहु-आयामिक विकासका प्रक्रियाहरुलाई समाहित गर्दै समुदायको आर्थिक, सामाजिक रुपान्तरण गर्ने कार्यहरु विगतमा सजिला पनि रहेनन् । "कार्यान्वयन-सिकाई-संस्थागत" प्रक्रियालाई आत्मसात गर्दै सहमतिले आफ्नो रणनैतिक योजनामा केही सुधारका कार्यहरु थालनी गऱ्यो । परिणाम स्वरुप "जीविकोपार्जन र आर्थिक", "सुशासन र पैरवी" र "वातावरण र विपद जोखिम न्यूनिकरण" लाई मूख्य आधारशिला मानेर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सुरुवात गऱ्यो ।

नेपाल सरकारको आवधिक प्राथमिकता साथै दिगो विकासका लक्ष्यहरु मध्येका लक्ष्य १, २, ५, १०, ११ र १९ लाई योगदान पुऱ्याउने प्रकृतिका क्रियाकलापहरुमा सहमतिले बढी जोड दिँदै आएको छ । भौगोलिकता र समुदायको आवश्यकता अनुरुपका कार्यक्रमहरुको प्राथमिकिकरण गर्ने कार्य नितान्त रुपमा सहज नठानिए पनि विगतका प्रयास र सिकाईहरुलाई संस्थागत गर्ने हेतुले हामीले मध्य पहाडी र पहाडी जिल्लाहरुमा अमिलो जातका फलफूल प्रवर्द्धन र बजारीकरण गरी जनताको जीविकोपार्जनमा सुधारको थालनी गरी सकेका छौं । सुन्तला र कागती तथा अमिलो जन्य फलफूलको प्राविधिक सहयोग र विरुवा हस्तान्तरणले समुदायको आयआर्जनमा सुधार हुने कुरामा सन् २०१२ र २०१३ मा कार्यान्वयन गरिएका परियोजनाले पुष्टि गरिसकेका छन् । यद्यपी दिगो जीविकोपार्जनका लागि अत्यावश्यक भौतिक पूँजीहरु (Physical Capital), सामाजिक पूँजी, (Social Capital), मानवीय पुँजी (Human Capital), वित्तिय पूँजी (Financial Capital) र प्राकृतिक पूँजी (Natural Capital) एक अर्काका परिपूरक हुने भएकाले कुनै एकको कमिमा दिगो जीविकोपार्जन गर्न कठिन मात्र हैन असम्भव नै रहन्छ भन्ने ठम्याई हाल सञ्चालनमा रहेका जीविकोपार्जन सुधार अन्तर्गतका कार्यक्रमहरुले आत्मसात गरिसकेका र सोही अनुरुपको कार्यान्वयन ढाँचालाई अनुशरण गरिरहेका छन् ।

यसैगरी विपद् जोखिम न्यूनिकरण र जीविकोपार्जन बिच अन्योन्याश्रित सम्बन्ध छ भन्ने कुरा पनि नकार्न नसकिने सिकाईहरु सहमतिसँग मात्र नभई विश्वसामु पनि छर्लङ्ग छ । बाढी, पहिरो, सुख्खा खडेरी साथै अन्य विपद्ले जीविकोपार्जनलाई असुरक्षित साथै आकस्मिक गरिबी (Sudden Poverty) मा अत्यन्तै प्रभाव पारी जनजिवन र अर्थतन्त्रलाई नै धरासायी बनाउँदछ । यसै गम्भिरतालाई अंगिकार गरी सहमतिको जीविकोपार्जन र विपद व्यवस्थापन विशेष अंक हाम्रा सिकाईहरुलाई सफलताका कथा तथा अन्य लेख मार्फत प्रकाशित गरेका छौं ।

यस अंकमा प्रकाशित लेख/रचनाहरुमा योगदान पुऱ्याउनु हुने सहमति परिवारका सदस्यहरु तथा विषयगत विशेषज्ञज्यूहरुमा कृतज्ञता प्रदान गर्दछु । सिकाईहरु "थन्कनु भन्दा तन्कनु" पर्दछ भन्ने अभिप्रायले यो सन्देश प्रकाशित गरिएको छ । यस प्रकाशनमा सहयोग गर्ने साझेदार संस्था लुथरन वर्ल्ड रिलिफ (LWR) लाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

**होमनाथ सुवेदी**
अध्यक्ष

**यस अङ्कमा ......**

- विपद् व्यवस्थापन, जीविकोपार्जन तथा अमिलो जातका फलफूल खेतीसँग सम्बन्धित विषयवस्तुहरुलाई समेटेर तयार गरिएका लेख तथा रचनाहरु ।
- संस्थाको आन्तरिक कार्यक्रम तथा हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको मूख्य-मूख्य उपलब्धीहरु ।
- विभिन्न कार्यक्रमहरुको फोटो झलकहरु ।

# सहमति सन्देश

वर्ष-१३, अङ्क-१, पूर्णाङ्क-४०
(श्रावण २०७५/July 2018)

**संरक्षक**
होमनाथ सुवेदी
अध्यक्ष, सहमति

**सम्पादन**
विमल खतिवडा/कार्यक्रम निर्देशक
सावित्री भण्डारी सापकोटा/कार्यक्रम अधिकृत

**संकलन तथा संयोजन**
रीता कुमाल

**विशेष सहयोगी**
शिव सुवेदी
राकेश श्रेष्ठ
युना गैरे
सुवास देवकोटा
सुनिता शर्मा पाण्डे

**प्रकाशन सहयोगी**
Lutheran World Relief
SUSTAINABLE DEVELOPMENT. LASTING PROMISE.



**पत्राचार तथा सुझावका लागि**
**सहमति**
गैंडाकोट-५, नवलपरासी
फोन नं. : ०७८-५०२०९०, ५०२२७७, ५०२३७३
फयाक्स : ०७८-५०२२७७
इमेल : sahamatico@gmail.com
info@sahamati.org
वेभसाइट : www.sahamati.org



**मुद्रण :**
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोन: ०५६-५७१७८५
इमेल : shubhakamanaoffsetpress@gmail.com


## सम्पादकीय.........

राष्ट्रिय विपद् प्रतिवेदन २०१७ नेपालका अनुसार सन् १९७१ देखि २०१६ सम्मको अवधिमा वार्षिक औषत ८९० जना अर्थात् ४० हजार भन्दा बढीले ज्यान गुमाएका छन् । यसैगरी नेपालका ७७ जिल्लाहरुमध्ये ४९ जिल्ला बाढीको उच्च जोखिम, २३ जिल्ला आगलागी र १ जिल्ला आँधी/हुरीको जोखिममा छन् । बर्षेनी तराईका जिल्लाहरु बाढीको जोखिम र विपद्बाट प्रभावित छन् तर पूर्व तयारी भन्दा प्रतिकार्यमा यद्यपी कार्यक्रमहरु केन्द्रित छन् । प्रमाणित तथ्य "एक डलर पूर्व तयारीमा खर्च पाँच डलर भविष्यमा बचत" (Every dollar we spent saved 5 dollars in future losses) लाई वेवास्ता गर्नुको विकल्पको तितो सिकाई गोर्खा महाभुकम्पले हामीलाई दिइसकेको छ । ०.४% आर्थिक वृद्धिमा स्तब्ध हुन बाध्य भएको २०१५ को नेपालको अर्थतन्त्रमा विपद्ले ठूलो हिस्सा प्रभावित गर्दछ भन्ने तथ्य छर्लङ्ग छ ।

"विपद् पूर्व तयारी, हामी सबैको जिम्मेवारी" भन्ने पुरानो सिद्धान्तलाई हामी सहमति र साझेदारी संस्थाहरु व्यवहारमा उतार्न प्रयासरत छौं । नवलपरासी सुस्ता-वर्दघाट पूर्व र पश्चिम दुवै जिल्लाको जिल्ला अगुवा सहयोगी निकाय (District Lead Support Agency) को भूमिका निर्वाह गर्दै आएको सहमतिले विपद् व्यवस्थापन क्षेत्रमा चहकिला कार्यबाट उत्कृष्ट सिकाई हाँसिल गरेको छ । यहि सिकाईहरुलाई संस्थागत र नेपाल सरकारको आवधिक कार्यक्रममा मूलप्रवाहिकरण गर्न हामी सामु चुनौती पनि खडा भएको छ । आगामी लक्षित कार्यक्रमहरुलाई स्थानीय सरकारसँगका कार्यक्रममा समाहित गर्दै उत्थानशील समाजको निर्माण गर्नु नै सहमतिको मूख्य ध्येह हो ।

नितान्त फरक र सम्भवत नेपालमा नै सञ्चालित परियोजनाहरुमध्ये "अमिलोजन्य फलफूलको बजार प्रवर्द्धन र विकास" ले पृथक र महत्वपूर्ण योगदान पुऱ्याउन शुरु गरिसकेको छ । हुन त, सन् १९६१ र १९६२ मा नै धनकुटा र पोखरामा यस सम्बन्धी अनुसन्धान केन्द्रहरु स्थापना नभएका होइनन् तर प्रसार विस्तारमा तादम्यता नदेखिएकाले अपेक्षित गति लिन नसकेको मात्र हो । यस पछिका वर्षहरुमा पनि यस कार्यक्रमले प्राथमिकता पाएको पाइन्छ । सन् १९७२ मा "National Citrus Development Program" सञ्चालन पश्चात् १८००७ हेक्टरबाट ३०७९० हेक्टरसम्म अमिलोजन्य फलफूल उत्पादन क्षेत्रको विस्तार भएको पछिल्लो तथ्याङ्कले देखाउँछ भने कूल ग्राहस्थ उत्पादन (GDP) मा ३७% अमिलो जातको फलफूलको योगदान रहेको देखिन्छ । यद्यपि क्षेत्रगत विस्तार भएता पनि विश्वमान चित्रमा १७४ राष्ट्रमध्ये नेपालको ६४ औं स्थानमा सीमित छ । सन् २००१ मा ३१८०० मेट्रिक टन उत्पादनबाट २०११ मा ५०६७९ मेट्रिक टन उत्पादन वृद्धि भएको सुन्तला २०१६ सम्म आउँदा ३३५५८ मेट्रिक टनमा सीमित हुनुमा वृहत अनुसन्धान र विस्तारको अपरिहार्यता देखिन्छ । उल्लेख्य मात्रामा नगद आम्दानी भई समुदायको आर्थिक स्तर सुधारको प्रचुर सम्भावना बोकेको अमिलोजन्य फलफूल उत्पादन र बजारीकरणमा सहमतिको आफ्नो वेग्लै पहिचान स्थापित गरिसकेको छ । तनहुँ, नवलपरासी र गोर्खा जिल्लाको पहाडी भेगमा ६३३ किसानलाई १७७५० अमिलो जातका फलफूल वितरण गरी प्राविधिक ज्ञान र बजार विस्तारीकरणमा थप प्रयास भएकोले यस क्षेत्रको विकासमा टेवा पुग्ने कुरामा सहमति र साझेदार संस्था LWR सुनिश्चित छ ।

- विमल खतिवडा

# कागतीको जात तथा बिरूवा उत्पादन गर्ने तरिका

✍ डा. राजेन्द्र देवकोटा
विज्ञ, कृषि



**परिचय**

कागतीको (Citrus aurantiflia) उत्पत्ति उत्तरी मलेसियाको गर्मी स्थानमा भएको मानिन्छ । यसै ठाउँबाट क्रमश: चीन, भारत, मध्यपूर्व हुदै युरोप, अफ्रिका र अमेरीकामा कागती पुगेको हो भन्ने विश्वास गरिन्छ । नेपालमा कागती कहिले प्रवेश गऱ्यो र खेती सुरुभयो भन्ने ऐतिहासीक तथ्य प्राप्त हुन सकेको छैन । तर नेपालको मध्यवर्ती पहाडी भागमा स्थानीय जातको रूपमा विभिन्न प्रकारका प्रजाति पाइन्छन् खोज गर्न जरुरी छ । सुरुका दिनमा कागती र निबुवाको नामकरणको अस्पस्टताले गर्दा यिनीहरुको उत्पतिको इतिहास हालसम्म पाउन सकिएको छैन । मलेसिया उद्गम क्षेत्र मानिन्छ तर फैलावटमा भारतलाई लिने गरिन्छ तर भारतमा अहिलेसम्म पनि जंगली अवस्थामा कागती पाइदैन ।

**कागतीका प्रकार**

मूख्य रूपमा कागती दुई प्रकारका हुन्छन, अमिलो र गुलियो कागती । गुलियो कागतीलाई चाक्सी भनेर भनिन्छ । हाल नेपालमा चाक्सी कागती समेत बिरलै पाउन थालेको छ । अर्को कागती हो अमिलो जातको कागती यस प्रकारको कागतीमा आकारको हिसाबले



सानु र ठूलो कागती भनेर दुइ प्रकारको कागती हुन्छ । नेपालमा हुने कागती यसै खालको कागती हो कहिँ कतै सानु कानु कागतीलाई पहाडिया कागती वा सुन कागतीको नामले समेत चिनिन्छ । मद्रासी कागती तथा बनारसी कागती पनि यसै प्रकारका कागती हुन । साधारण बोलिचालीको भाषामा कागती भन्नाले साना फल हुने कागतीलाई जनाउँछ ।

यसको अग्रेजी नाम Sweet lime र बैज्ञानिक नाम Citrus limmetoides हो । नेपालमा चाक्सीका बोट फाट्टफुट्ट रूपमा कतै कतै पाईन्छन् । अमिलो कागती (Acid Lime) दुई प्रकारका हुन्छन्: जस्तै :

क) साना फल हुने कागती (Small fruited lime) नेपालमा खेती हुने कागती यसै खालका साना प्रकारका कागती हुन् । यसको बैज्ञानिक नाम Citrus aurantifolia हो । नेपालमा यस प्रकारका कागतीलाई पहाडी कागती वा सुन कागती भनिन्छ । मद्रासी कागती तथा बनारसी कागती पनि यसै प्रकारका कागती हुन । साधारण बोलिचालीको भाषामा कागती भन्नाले साना फल हुने कागतीलाई जनाउँछ ।

ख) ठूला फल हुने कागती (Large fruited lime) यस प्रकारका कागतीको उत्पत्ति साना फल हुने कागती र निबुवा (Lemon) प्रजातीका बालीको बिचमा क्रस भएर बर्णशंकर भई उत्पत्ति भएको मानिन्छ । यसको बैज्ञानिक नाम Citrus latifolia हो । यस प्रकारका कागतीको खेती युरोप र अमेरीकामा हुने गरेको छ । गर्मी हावापानीमा हुने युरेका कागती वा चस्मे कागती बनस्पातिक बर्गिकरणको दृष्टिकाणले निवुवा वा लेमन (Citrus lemon) प्रजातीमा परेपनि यीनका फलको साइज, आकार र प्रायोजन पनि कागतीको जस्तै भएकाले बोलीचालीमा यीनीहरूलाई पनि कागती नै भन्ने गरेको पाइन्छ ।

**नेपालमा उपलब्ध कागतीका केहि जातहरू**

- तेह्रथुम स्थानीय तथा अन्य स्थानीय, सिडलेस ( बियाँरहित ), NCRP-55 ( सुनकागती १), NCRP-49 ( सुनकागती २), NCRP-53 , युरेका, मद्रासी, गलगले

**कागतीको बिरुवा उत्पादन तरिका:**

बिरुवा उत्पादन गर्दा बडउड सर्टिफिकेसन प्रविधि अपनाई गर्नु पर्दछ । जस अनुसार माउबोट रोगमुक्त छ भनी प्रमाणित गरिएको हुन्छ भने रुटस्टक पनि जाली घर भित्र उमारी, हुर्काई, कलमी गरे पछि पनि जाली घर भित्र नै हुर्काई बिक्री गरिन्छ । बिजु बिरुवा पनि त्यसरी नै जाली घर भित्र हुर्काइन्छ । विरुवा दुई तरिकाबाट उत्पादन गरिन्छ ।

**क) अलैङ्गिक विधि :** बीउ बाहेक बिरुवाको अन्य भाग प्रयोग गरी विरुवा उत्पादन गर्ने जस्तै कलमी ।

**ख) लैङ्गिक विधि** (बिजु न्यू सेलर र बीउबाट न्यू सेलर सिडलिङ्ग) :

सुन्तला तथा कागती जाती फलफूलमा बिजु भन्नाले बीउ बाट उत्पादित तर गर्भाधारण (Fertilization ) बिना नै उत्पादित बिरुवा जसलाई न्यू सेलरलाई बुझिन्छ । न्यू सेलर विरुवा जोसिला एकनासका र कलमीमा जस्तै जातिय शुद्धता हुन्छ । अन्य सुन्तला जात फलफूल भन्दा कागती बिजु बिरुवा छिटो फल्ने हुन्छन । विरुवा रोपेको ३-४

वर्ष बाट नै उत्पादन दिन शुरु गर्दछन तर जरा कुहिने रोग लाग्न सक्छ । बिषाणु रहित हुन्छन ।

**अलैङ्गिक विधिबाट बिरुवा उत्पादन गर्दा हुने फाइदा**

- जातीय शुद्धता कायम हुने
- छिटो फल दिने हुन्छ, काँडा कम हुने
- रोग सहने शक्तिको बिकास र जरा राम्रोसँग फैलिन सक्ने
- बोट कम झाँगिने हुँदा प्रति इकाई क्षेत्रमा धेरै बोटको संख्या अट्ने
- उत्पादन बढी, बोट सानु हुने हुँदा फल टिप्न सजिलो हुने

**(१) गेडाबाट तयार गर्ने प्रविधि:**

धेरैजसो कागतीका बेर्नाहरु गेडाबाट नै तयार गरिन्छ । एउटा कागतीको फलमा चारदेखि १० वटासम्म दानाहरु हुन्छन्, ती दानाहरुलाई संकलन गरी १५०(२०० जति दाना भएपछि बेर्ना तयार गर्न शुरु गर्नु राम्रो हुन्छ । बेर्ना तयार गर्नुपूर्व जमिनलाई राम्रोसँग खनजोत गरी माटो मसिनो बनाउने र त्यसमा प्रतिकट्ठा १५(२० डोकाका दरले पाकेको गोवरमल वा कम्पोष्ट मल राखी माटोमा मिलाउने । यसपछि २० सेन्टिमिटरको फरक-फरकमा दुई सेमी गहिरो हुने गरी कुलेसो खनी त्यस लाइनको कुलेसोमा ५/५ सेमीको दूरीमा १/२ वटा कागतीका गेडा रोप्नुपर्दछ । यसरी बीऊ रोपिसकेपछि माथिबाट, बालुवा र माटोले पुरिदिने र त्यसमाथिबाट सुकेको खर वा परालले छोपी दिनुपर्दछ । यसरी राखेको व्याडमा चिस्यान हेरी हल्का सिंचाई दिदै गर्नुपर्दछ । बीऊ रोपेको लगभग एक महिनापछि बेर्ना उम्रिन थाल्छन् । खर



पराल फालिदिई आवश्यकता अनुसार सिंचाई दिदै जानुपर्दछ । यदि बीऊलाई प्लास्टिक व्यागमा उमार्ने हो भने माटो बालुवा र गोवर मलको मिश्रण बनाई प्रत्येक प्लाष्टिक व्यागमा राखी त्यसमा १/२ वटाका दरले बीऊ रोपी बज्यारीमा लाइनसँग राख्नु पर्दछ । यसरी राखेको बेर्नालाई पनि सिंचाई दिई नै रहनुपर्दछ । यसरी राखेका बेर्नाहरु लगभग १० महिनापछि रोप्ने लायकका हुन्छन् । यदि व्याड वर्षायाममा राख्ने हो भने व्याडको माथि पराल, खर राख्नु पर्दैन ।

हाल कागतीको बिउलाई सुरुमा सिडलिङ्ग ट्रे मा बिरुवा उत्पादन गरेपछि पोलिब्यागमा बिरुवा स्थान्तरण गर्ने चलन समेत आएको छ तर सिड लिङ्ग ट्रे मा भन्दा रुट टोनरमा बिरुवा उमर्दा राम्रो हुन्छ ।

**(२) गुठी (कलमी) बाट बेर्ना तयार गर्ने प्रविधि:**

गुठी बिधि लेयरिङ्गकै एक बिधि हो, यस विधिमा राम्रो, रोगरहित शुद्धजातको कागतीको बोट छनोट गरी त्यसैबाट कलमी गर्नुपर्ने हुन्छ । जथाभावी बेर्नाबाट कलमी गर्दा बोटहरु रोगी हुन सक्छन् । यो प्रविधिबाट तयार गरिने बेर्नाहरु चाँडै फल्ने, बोट सानो हुने र फल माउ बोट सरह हुन्छ भने गेडाबाट तयार गरिएका बेर्नाहरु अग्लो हुने, ढिलो फल्ने हुन्छन् गुठी (कलमी) गर्नको लागि १/२ वर्षे बोटको हाँगाबाट गर्दा धेरै राम्रो र सजिलो हुन्छ । कलमी गर्ने हाँगाको छनोट गरी सकेपछि बोटमै १५ सेन्टिमिटरको लम्बाइमा बोक्रा निकाली, त्यसपछि बोक्रा निकालेको ठाउँमा माटो, बालुवा र गोवर मिलाएको माटो या रुखका झ्याउहरु बाक्लोसँग चारैतिर राखी बाहिरबाट प्लास्टिकले छोपी, दुबैतिरको छेउँछाउँमा सुतलीले बाँधी दिने गर्नुपर्दछ । यदि चाँडै जरा निकाल्नु छ भने जरा निकाल्ने हर्मोन काटेको ठाउँमा चारैतर्फ दलिदिएर माटो राखी बाँध्नुपर्दछ । यसो गर्दा जराहरु चाँडै नै निस्कने हुन्छ । यस्तो कलमी वर्षायाममा नै गर्नु धेरै राम्रो हुन्छ । तर अन्य समयमा पनि गर्न सकिन्छ त्यति सफल भएको देखिदैन । यसरी तयार गरेका बेर्नाहरु डेढदुई महिनामा जराहरु देखिन थाल्छन् । जरा देखिन थालेपछि कलमी गरेको तलबाट सावधानीसँग काटी माटो मिश्रित थैलामा वा सोझै व्याडमा लगि राख्न सकिन्छ । यसरी तयार गरिएका बेर्नाहरु लगाउँदा १/२ वर्षमा नै फल दिन शुरु गर्दछन् ।

**३ ग्राफ्टिंग (Grafting)**

दुई फरक विरुवा तर जातीय गुण एउटै भएका विरुवाका भागहरुलाई एक आपसमा गाँसेर नयाँ विरुवा उत्पादन गर्ने तरीका वा विधीलाई ग्राफ्टिंग Grafting भनिन्छ । ग्राफ्टिंग गर्दा rootstock र sine को क्यामवियम तह एक अर्कोमा ठिकसंग मिल्नु अनिवार्य छ अन्यथा कलमी असफल हुन्छ ।

**Rootstock** :- रुट स्टक भन्नाले कलमी गरी सकेपछी जराको रुपमा विकास हुने भाग हो । जुन स्थानिय हावापानीमा उपयुक्त रुपमा वृद्धी र विकास हुने गुण भएको हुन्छ । उदाहरणस्कुनै जातको कागतीको कलमी गर्दा प्रयोग गरिने ट्राईफोलेट ( जंगली सुन्तला, तिन पाते सुन्तलालाई रुट स्टकको रुपमा प्रयोग गर्ने गरिन्छ ।

**Sine:–** सायन भन्नाले विरुवामा कलमी गरी सकेपछी काण्डको रुपमा विकास हुने भाग हो जुन भविस्यको एउटा पूर्ण विरुवा हो । उदाहरणस् स्थानिय जातको कागतीमा कलमी गर्दा ल्याईने वर्णशंकर वा बिकसित जातको भाग नै सायन हो ।

ग्राफ्टिंग गर्ने समय जाडो महिना अर्थात पुष माघको समय उपयुक्त हुन्छ । कलमी पात झर्ने विरुवा र पात झरेको समयमा गरिन्छ । कुनै पनि विरुवामा कलमी सफल हुनका लागि कलमी गर्ने दुई विरुवामा नजिकको सम्वन्ध ( जातिय गुण ) मिल्नु पर्दछ ।

**४. तन्तु प्रजनन विधि (Tissue Culture):**

कुनै पनि वनस्पतिको न्युक्लियसयुक्त वानस्पतिक कोष वा तन्त वा

(बाँकी ८ औं पेजमा)

# सुन्तलाजात फलफूलमा लाग्ने रोग, कीरा र नियन्त्रण विधि

✍ श्री युना गैरे
सहमति-CMDP-IV, संस्थागत तथा बजार विकास अधिकृत



अमिलो जात फलफूल बालीक बगैंचामा शत्रु जीव र मित्र जीव गरी दुई प्रकारका कीराहरु भेटिन्छन रु सुन्तला जात फलफूलमा लाग्ने केहि आर्थिक महत्वका विनाशकारी शत्रु तथा मित्र किराहरु र तिनीहरुका नियन्त्रण विधिहरु यस प्रकार छन् ।

**सुन्तला जात फलफूलका मित्र जिवहरु**

१. **हरियो ठूलो पुतली र** lemon butterfly (Papilio demoleus)





**पहिचान**:
- वयस्क पुतली ठूलो र रंगीबिरंगी हुन्छन
- सानो लार्भा खैरो देखिन्छ
- पूर्ण विकास लार्भा हरियो रंगको देखिन्छ
- वयस्क पुतलीको पखेटाको पछाडी पुच्छर जस्तो भाग निस्केको हुन्छ

**क्षतिको लक्ष**:
- वसन्त र शरद ऋतुमा बढी आक्रमण गर्दछ
- पात खाई वोट विरुवालाई नाङ्गो जस्तो वनाउँछ

**ब्यवस्थापन**:
- नीमको घोल बनाई छर्ने
- एकीकृत शत्रुजीव ब्यवस्थापन पद्दती अपनाउने
- मोनोक्रोतोपस ( १.५ मिली र १ लिटर पानी) र डेल्टामेथ्रीन ( २५ ५ इ.सी )( २ एम एल प्रती लिटर पानीमा मिलाई छर्ने

२. **कत्ले कीरा** ( Scale Insects )





**पहिचान**:
- लाम्चो, सुन्तलाको डाँठको बोक्रासँग मिल्दोजुल्दो हुन्छ
- वसन्त ऋतुको फाल्गुन देखि जेष्ठसम्म हरियो नरम कत्ले किरा, जेष्ठदेखि असोजसम्म खैरो र कालो कत्ले कीरा, श्रावन, भाद्र देखि कार्तिक, मंसीरसम्म तिरे कत्ले कीरा र रातो कत्ले किराको प्रकोप बढि देखिन्छ ।

**क्षतिको लक्षण**:
- कत्ले कीराको बच्चा माउको खोलबाट निस्केको ४८-७२ घण्टासम्म यताउता हिडडुल गर्छ र त्यसपछि एक ठाउँमा टास्सिएर जिन्दगीभर त्यही ठाउँमा रस चुस्दै, खाँदै जीवन चक्र समाप्त गर्छ
- यो कीराले रस चुसेर खादा यसको र्याल बिरुवालाई विषालु हुने भएकोले विस्तारै बोटभारी फैलिई बिरुवा रोगी हुन्छ र अन्तमा मर्छ
- बिरुवाको रस चुस्ने गर्दा बिरुवा सुकेको जस्तो देखिन्छ

**नियन्त्रण विधि**:
- यो कीरा बाक्लो कत्ला भित्र हुने भएकाले बिषादी छरेपनि नियन्त्रण गर्न गाह्रो हुन्छ, तसर्थ यो कीरा हिड्ने अवस्थाको समय पत्ता लगाएर बिषादी छर्न सके मात्र नियन्त्रण गर्न सकिन्छ
- मट्टीतेल र साबुनको झोल बनाई छर्ने
- सर्वो र एट्सो तेल ( १० देखि २० मिलि लिटर प्रति लिटर पानीमा मिलाई छर्ने
- रोग र एक मिलि लिटर प्रती लिटर पानीमा मिलाई छर्ने

३. **फल कुहाउने औंसा**/ Fruit Fly ( Bactrocera minax)







**पहिचान**:
- वयस्कमा झिंगा जस्तै देखिन्छ
- पखेटा बाहिर पट्टि निस्केर फैलिएको देखिन्छ
- सेतो र टाउको तिखारिएको जस्तो देखिन्छ

**क्षतिको लक्षण**:
- पोथी झिंगाले शरीरको पछाडि भएको लाम्चो तिखो अंग फलमा घुसारी एक पटकमा १०-३०० सम्म फुल पर्दछ
- फुलबाट औंसा निस्केपछि फलको गुदी खाँदै जान्छ र फल पहेंलो भइ झर्छ

**व्यवस्थापन**:
- गुलियो पदार्थमा विष मिसाई बोटको ठाउँ ठाउँमा लेप लगाउने (पालुवा लाग्ने वेला देखि फल टिप्ने) वेला सम्म
- मिथायल युजिनल र मलाथियोन ५०५ इ.सी. फेरोमेन ट्र्याप राख्ने

४. **पातको झिंगा** ( leaf miner) /Phyllocnistis citrella

**पहिचान**:
- वयस्क पुतली सानो सेतो र फुस्रो रंगको हुन्छन
- यसको लार्भा हल्का हरियो रंगको हुन्छ




- वयस्क पोथी पात खन्ने पुतली किराले नयाँ कलिलो पातको तलपट्टि पात भित्र फुल पार्दछ

**क्षतिको लक्षण**:

- पातको सुरुंग भित्र पसी हरियो भाग खाँदै जान्छ
- पातहरु सेतो र खुम्चिएको जस्तो हुन्छ
- सुरुंगको जस्तो धर्सा वनाउँदछ
- यसको क्षतिले बोटै मर्ने हुँदैन तर बोटको स्वस्थतामा भने क्षति पर्दछ

**व्यवस्थापन विधि**:

- खनिज तेल ( सर्वो तेलर एट्सो ) १० एम.एल. र ली पानीमा मिसाई छर्ने
- डेल्टामेथ्रीन (२८५ इ.सी. र रोगर १ एम.एल.र ली पानीमा मिलाई छर्ने

**५. सिट्रस सील्ला**/ Citrus Psylla ( Diaphorina citri)




**पहिचान**:

- सिट्रस सील्ला किरा सानो हुन्छ
- यसको पछाडिको भाग करिब ४५ डिग्रीको कोणमा ठाडो पारेर पातमा बसेको हुन्छ
- यो किरा धेरै टाडा उड्न सक्दैनन्
- यसको फूल गाडा पहेंलो रंगका हुन्छन
- बच्चा अवस्थाका सिल्ला हल्का हरियो अथवा हल्का सुन्तला रंगका हुन्छन



**क्षतिको लक्षण**:

- बिरुवाको कलिलो भागमा बसी रस चुस्ने
- पातमा ढुसी फैलिएको जस्तो देखिने

**नियन्त्रण विधि** :

- वैकल्पिक वासस्थान भएका वनस्पतिका बोटहरु बगैंचा वरिपरी नलगाउने र वरिपरी भएमा हटाउने
- एकीकृत शत्रु जीव व्यवस्थापन
- रोगर र साइपरमेथ्रीन १.५ देखि २ एम.एल. प्रती लिटर पानीमा मिलाई छर्ने

**६. लाही कीरा**/ Aphid ( Toxoptera citricida)

**पहिचान**:

- सानो र कालो रंगको हुन्छ

**क्षतिको लक्षण-**

- बिरुवाबाट रस चुस्दछ र यसले आक्रमण गरेको बिरुवाहरूमा कालो ढुसी लागेको देखिन्छ

**व्यवस्थापन**:

- खरानी छर्ने
- गाईको गहुँत र वनस्पतिक झोल विषादी छर्ने
- रोगर र साइपरमेथ्रीन १.५ एम.एल. पर्ती लिटर पानीमा मिलाई छर्ने


**अमिलो जात फलफूलका मित्र जीवहरु**

**१. स्त्री स्वभावका खपटे कीरा** (Lady Bird beetles)



- यसले सिट्रस सिल्लाका बच्चा र लाही कीरालाई आक्रमण गरी नोक्सान पुऱ्याउँदछ

**२. मसिना बारुलोहरु** (Tamarixia radiate)



- यसको वयस्क पोथी बरुलोले सिल्ला किराको शरिर भित्र फूल पारी दिन्छन् र लार्भा निस्केपछि सिल्लाको बच्चालाई खाई मार्दछ

**अमिलो जात फलफूलमा लाग्ने मुख्य रोगहरु**

- अमिलो जातमा बालीमा विभिन्न कारणले फल, फूल, पात, बोटमा समस्याहरु देखा पर्दछन, बगैंचा स्थापना गर्नु अगाडी स्वस्थ बिरुवा परेन भने, बगैंचा स्थापना गरिसके पछी हावा, पानी, तापमान मिलेन भने या स्वस्थ माटो भएन भने माटोमा खाद्य तत्व मिलेन भने बगैंचा व्यवस्थापनमा कमि भयो भने शत्रु जिबले आक्रमण गऱ्यो भने विभिन्न किसिमका रोगहरुले आक्रमण गर्दछ,
- रोगहरु जम्मा चार किसिमका हुन्छन जस्तै ढुसीजन्य, ब्याक्टेरिया( जीवाणु), भाईरस (विसाणु) र निमातोड ( जुका) का कारणले गर्दा लाग्दछ ।

**ढुसी जन्य जीवबाट लाग्ने रोगहरु**:

**१. जरा कुहिने रोग**/ Phytopthora root (Rot - Phytopthora parasitica)




- यो रोग फाईटोप्थोरा नामक ढुसीबाट हुन्छ ।

**क्षतिको प्रकार**:
- कलिला तथा फल्ने बोटका मसिना तथा ठूला जराहरु कुहिने र पात पहेलिएर बोट मर्ने
- टुप्पोबाट बोट सुक्दै जान्छ

**व्यवस्थापन**:
- निकासको व्यवस्था गर्ने
- तिनपाते प्रयोग गरी कलमी गरेको बिरुवा लगाउने
- जरामा चोटपटक लाग्न नदिने
- बोर्डोमिक्ष्रण ( १ प्रतिशत) ड्रेन्चिन गर्ने

**२. फेद कुहिने**/ Trunk or Collar Rot (P. parasitica, P. citropthora)



**लक्षण**:
- जमिन नजिकै बोटको फेदको वरिपरी बोक्रा कुहिने, चर्किने र भित्री डाठ देखा पर्ने
- पात पहेलो हुँदै जाने र हाँगा सुक्दै जाने

**व्यवस्थापन**:
- तिनपाते प्रयोग गरी कलमी गरेको बिरुवा लगाउने
- बोक्रा कुहिएको ठाउँमा सफा गरी बोर्डो पेष्ट र बोर्डो लेप लगाउने
- तिनपातेको सहायक जरा दिने
- १५ युरिया बोर्डो मिक्षण छर्ने
- फेदमा कृषि चुन र खरानी छर्ने

**३. खराने रोग**/ Powdery Mildew ( Oidium citri and O. tingitaninum)



**लक्षण**:
- यो रोग नयाँ पालुवाको पात र कलिलो मुनाम मात्र लाग्दछ
- कलिलो पालुवाहरुमा खरानी जस्तो धुलो देखिने तथा धेरै क्षति भएका पातहरु विकृत हुन्छन
- बिस्तारै हाँगाहरुमा टुप्पाबाट कालो भएर सुक्दै मर्दै जाने लक्षण देखापर्दछ

**व्यवस्थापन**:
- सल्फर ८०५को धुलो २ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्ने

**४. गुँदे रोग**/ Citrus Gummosis (Phytopthora citropthora)



**लक्षण**:
- यो रोग बोटको हाँगा, फेंद वा मोटो काँपमा समेत लाग्छ र यो रोगले ग्रस्त पारेको छ भने बिस्तारै बोट सुक्दै गएर मर्छ । बोट मर्ने अन्तिम बर्षमा बोटको अत्यधिक मात्रामा फूल फुल्दछ ।

**नियन्त्रण विधि**:
- नियमित रुपमा बगैंचा व्यवस्थापन गर्ने र रोग लागेको हाँगाहरु काटेर जलाई दिने ।
- बार्षिक कार्य तालिका अनुसार पुरै बोट लछ्प्प भिज्ने गरी बोर्डो मिक्षण स्प्रे गर्ने ।

**५. कालो ध्वाँसे रोग** / Sooty Mould ( Capnodium citri)



**लक्षण**:
- यो आफै लाग्ने रोग होइन र लाही किरा र कत्ले किराले छोडेको च्यापच्यापे गुलियो पदार्थ पातमा जम्मा भएपछि त्यहि गुलियो पदार्थमा बिस्तारै कालो ढुसी लाग्दै जान्छ र यो रोग लागेपछि बिरुवाको पातमा हुने प्रकाश संश्लेषण प्रक्रियामा अवरोध पुग्दछ । यस्ता बोटबाट उत्पादित फल कम गुणस्तरको हुन्छ ।

**नियन्त्रण विधि**:
- बोटमा लाग्ने कत्ले किरा, लाही किरा लगायत चुसेर खाने किरा नियन्त्रण गरेमा कालो ढुसी रोग लाग्दैन ।
- २ देखि २.५ प्रतिशतको चिनीको झोल बनाई सम्पूर्ण बोट राम्ररी भिज्ने गरी घाम लागेको बेलामा छर्ने र भिजेको पात घामले सुकेपछि गुलियोले गर्दा कालो ढुसीको रुपमा उप्किएर सफा हुन्छ ।

**ब्याक्टेरियाबाट लाग्ने रोगहरु**

**१. कोत्रे रोग**/ Canker disease -Xanthomonas citri)



**लक्षण**

- यो रोगले बिरुवाको पात, फल अन्तमा डाँठमा समेत असर पुऱ्याउँछ । यो रोग लागेको सुरुमा पातमा स-साना खैरो थोप्ला गांजेपछि थोप्लाहरु बढ्दै गएर ३-४ मि.मि साइजसम्मका अलिकति उठेको, खैरो खस्रा खटिरामा रुपान्तरण हुन्छ । लिफ माइनर कीराले यो रोग रोगि बोटबाट निरोगी बोटमा सार्ने माध्यमको काम गर्छ ।

**नियन्त्रण विधि**:

- स्वस्थ्य बिरुवा मात्र लगाउने
- KASU B / Copperoxychloride २ ग्राम प्रति लिटर पानीमा मिलाई छर्ने

२. **सिट्रस ग्रिनिंग** / Huang long bing or Citrus Greening (Candidatus liberibacter asiaticus)



**लक्षण**:

- रोगी बोटका पातहरु पहेंलो हुँदैमा ग्रिनिंग रोग हो भन्न मिल्दैन । रोग लागेपछि शुरुको अवस्थामा २,४ वटा हाँगामा मात्र देखिन्छ र क्रमश: बिस्तार भई पुरै हाँगामा फैलिन्छ । रोग लागेका पात पहेंलो, मसिनो, ठाडो र गुजुमुच्च परेर माथी तिर फर्केको साथै पात पहेंलोमा छिर्केमिर्के र मसिना हाँगाको अन्तरगांठोहरु एकदमै नजिक हुन्छन । यस्ता टाटाहरु बिचको नशाको दुबै तिर फरकफरक किसिमका हुन्छन ।

**नियन्त्रण विधि**:

- सिट्रस सिल्ला नियन्त्रण गर्ने
- स्वस्थ बिरुवा छनोट गर्ने
- रोगी बिरुवा नष्ट गर्ने

**भाईरस (विषाडु) बाट लाग्ने रोग**

१. **ट्रिस्टेजा भईरस ( छिटो ह्रास रोग )**/ Citrus decline



**लक्षण**:

- शुरुवातमा बोट पहेंलिदै जान्छ र बोट पनि जिरिंग परेको देखिन्छ । पात झरेर नांगै भएपछि हाँगाहरु मर्दै जान थाल्छन ।

**रोग सर्ने माध्यमहरू**:

- रोगले छोएको कलमी वा बिजु बेर्ना रोपेमा
- रोगि बोटमा लाही किराले चुसी पुन: निरोगी बोटमा सरेपछि ट्रिस्टेजा भाईरस सर्दछ ।

**नियन्त्रण विधि**:

- रोग लागेको बगैंचा वा रोगि बोट नष्ट गर्नु पर्दछ ।
- लाही कीरा देखिन साथ सुर्ती पानी र गहुंत मिसाएर छर्ने , अत्यधिक मात्रामा कीरा देखिएमा विषादी छर्ने
- स्वस्थ बिरुवा मात्र रोप्ने

---

## कागतीको जात ..........

अग + (explant), माउ विरुवावाट निकालेर कृत्रिम तवरले प्रयोगशालामा जिवाणुरहित वातावरणमा विभिन्न रासायनिक तत्वहरु मिसाई वनाइएको कृत्रिम खाद्य (artificial nutrient medium) मा राखेर उक्त भहउबिलतक वाट विरुवा उत्पादन गर्ने प्रविधिलाई वानस्पतिक तन्तु प्रजनन विधि भनिन्छ । वानस्पतिक तन्तु प्रजनन विधिको लागि explants कोष, तन्तु वा अंग जुनसुकै पनि हुन सक्ने भएकोले यस प्रविधिलाई वृहत रुपमा in–vitro culture पनि भनिन्छ ।

नेपालमा चाहि यो प्रविधिको प्रयोग सन् १९७६ मा ललितपुरको गोदावरी स्थित राष्टिय हवरियम तथा वनस्पति प्रयोगशाला (KATH) अन्तर्गतको तन्तु प्रजनन शाखाका स्थापना पछि मात्र भएका पाइन्छ । सन् १९८० को दशकदेखि अहिलेसम्म यस प्रविधिको माध्यमबाट दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरुको संरक्षणको लागि साथै धेरै संख्यामा वेर्ना तयार गर्न, शोभनीय फूलहरु, उपयोगी वृक्षहरु आदिको तथा मुख्यत: कृषिमा विकसित जातका रोगमुक्त विरुवाहरु उत्पादन भइरहेका छन् ।

नेपालमा हाल तन्तु प्रजनन बिधिबाट कागतीको बिरुवा समेत तयार गर्न लागिएको छ तर ब्यवसायिक रुपमा भने भई राखेको छैन । हाल भारतमा उत्पादन गरिएका बोत्तलका बिरुवालाई केहि समय हाडर्नेिंग गरेर टेवा पोली ब्यागमा स्थान्तरण गरी बिरुवा बेच्ने गरेको देखिन्छ तर यो प्रविधिमा व्यवसायिकता भने भई सकेको छैन ।



# गड्यौलीमल बनाउने प्रविधि र आवश्यकता

✍ श्री क्षितिज शर्मा
सहमति-CMDP-IV, बरिष्ठ कृषि प्राविधिक



**परिचय:**

यो एक Esinia Foetida (Epigic) जातको गड्यौलाको प्रयोग गरी कुहिने पदार्थहरु (खेर गइरहेको वस्तुहरु) हरिया झारपातहरु आदिको) तयार पारी बनाइएको मललाई (Vermicompot) गड्यौली मल भनिन्छ । यस किसिमको मलको प्रयोगले माटोको उर्वराशक्तिमा वृद्धि, माटोको खुकुलोपना, पानीको धारण गर्न सक्ने क्षमता, माटोको गुणस्तर तथा अम्लिय तथा क्षारीय पनालाई कम गर्ने, यस मलमा हर्मोनहरु, भिटामिनहरु, सूक्ष्म जीवहरुको क्रियाकलापले माटोको स्वरुप परिवर्तन गर्दछ, यस इसेनिया फोइटिडा नामकै गड्यौलाले ४२ दिनमा अण्डा उत्पादन गरी गड्यौलाहरुको संख्यामा वृद्धि हुँदै जान्छ । यो सानो रातो 3-5cm अलि ठूलो 5-6cm यसको तौल (१ गड्यौला) 5-7 ग्रामको हुन्छ । यसलाई छायाँ पर्ने, ओसिलो पानी (चिस्यान) भएको ठाउँको छनौट गर्नु पर्छ ।

**ठाउँको छनौट**

गड्यौली मल बनाउँदा छायाँ पर्ने, ओसिलो, चिस्यान भएको, पानीको स्रोत, घर नजिक आवतजावत र सुरक्षित स्थान हुनुपर्छ ।

**आवश्यक सामाग्रीहरु:**

क) पाकेको गोबर मल ४-५ डोको
ख) पराल वा सोत्तर
ग) केराको (थाम) खेर गएको वा हरियो झारपात ४-५ डोको
घ) फल्याक/बाँस चिरेको, सुकेको आवश्यकताअनुसार
ङ) किलाहरु ४ वटा (५ फिट बराबर)
च) छानो (छाउने खर) वा टिन खर १ भारी टिन ६ पिस
छ) काठ वा बाँसको भाटा छानो छाउन ६ वटा
ज) डोरी/किला पिन आवश्यकता अनुसार
झ) बन्चरो, हाते आरी/हँसिया/हजारी, जग आदि

**विधि/तरिका**

- ६×३ फिट बराबरको नाप लिने (लम्बाई × चौडाई)
- ५ फिटको अग्लो ४ वटा किलालाई १/१ फिट गहिरो गाड्ने ।
- तयार पारेको फल्याक/बाँसलाई चार किलाको वरिपरीबाट ३ फिट अग्लो हुने गरी बार बन्देज गर्ने बलिया बनाई
- तयार भएको खाडलमा हजारीको सहायताले हल्का चिसो बनाउने ।
- पराल (२-३ से.मी.) राखी पुन: हजारीले भिजाउने ।
- २०-२२ दिनको पाकेको गोबर मल २ डोको जति खाडल वरिपरी राख्ने
- केरा/हरियो झारपात मसिनो टुक्रा बनाई २ डोको वरीपरी बराबर पर्ने गरी राख्ने र हजारीको सहायताले पानीले भिजाउने ।
- एवम् रितले खाडलमा तहतह मिलाई राख्दै जाने ।
- खाडल ३.५ फिट सम्म भरीसकेपछि परालले छोपी पुन: हजारीको सहायताले हल्का पानी दिने ।
- तयार पारेको १५-२० दिनपछि इसेनिया फोइटिडा नामको गड्यौला १ केजी एक छेउबाट विस्तारै राख्ने र छोपी दिने र पानी दिने हल्का ।
- समय-समयमा सुख्खा नहोस भनेर पानीले भिजाउने ।

**सावधानी अपनाउने**

- ➢ तितो पिरो, निम, सुर्तीको प्रयोग नगर्ने,
- ➢ मासु तथा चकलेटहरुको प्रयोग नगर्ने,
- ➢ खाडल सुख्खा हुनु हुँदैन/कमिलाको प्रकोप हुन सक्छ ।
- ➢ बिषादीजन्य पदार्थहरु हाल्नु हुँदैन ।
- ➢ छायाँ नपर्ने बढी चर्को घाम भएको ठाउँ उपयुक्त मानिदैन ।
- ➢ यस खाडलमा २०-२५% चिस्यानको मात्रा हुनु जरुरी छ ।
- ➢ काँचो गोबर मल/बढी पानी हुनु (चिस्यान) हुँदैन ।

**पोषक तत्व**

अर्गानिक कार्वन- ९.५-१७.९८%
नाइट्रोजन - ०.५-१.५%
फोस्फोरस - ०.१-०.३०%
पोटासियम - ०.१५-०.५६%

**फाइदाहरु:**

- माटोको स्वास्थ्य राम्रो सुधार गर्छ ।
- माटोको गुणस्तर PH मा सुधार ल्याउँछ ।
- सुक्ष्म जिवाणुहरुको क्रियाकलापहरुमा वृद्धि हुने ।
- वातावरणीय अवस्था दिगो पार्ने ।
- रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्ने ।
- सुन्तला तथा कागतीमा फलको गुणस्तर, तौल, उत्पादकत्वमा वृद्धि गर्ने काम गर्छ ।
- उत्पादनमा वृद्धि, पानी धारण गर्न सक्ने क्षमता, सुधारोन्मुख हुने ।
- सुन्तलाको मिठास गुलियो हुने गर्छ ।
- यस मलको अर्को फाईदा धैरै मात्रामा मल उत्पादन गर्दा मल बिक्री गर्ने, गड्यौलाको वृद्धि भई गड्यौली बिक्री हुने हुँदा आर्थिक उपार्जन गर्न सकिन्छ ।
- प्रतिबोट सुन्तला/कागतीलाई १० केजी प्रयोग गर्न सकिन्छ ।
- प्रति खाडल १ केजी गड्यौलाको प्रयोगले २०० केजी मल उत्पादन गर्न सकिन्छ ।

**उत्पादन लागत**

| क्र.सं. | सामाग्रीहरु | परिणाम | रकम | जम्माक | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुकेकोबास | ६ ओटा | २००।- | १२००।- | |
| २ | काठ/किला/डोरी | ४ ओटा | ५०।- | २००।- | |
| ३ | कुदिएको गोबर | ३०० केजी | ५०।- | १५००।- | |
| ४ | पराल | १०० केजी | २।- | २००।- | |
| ५ | खर | १ भारी | ५००।- | ५००।- | |
| ६ | ज्यामी/श्रम | २ जना | ५००।- | १०००।- | |
| ७ | गड्यौला | ५०० पिस | १।- | ५००।- | |
| | जम्मा | | | ५१००।- | |

# कागति सुन्तला खेती बगैचा स्थापना

✍ श्री प्रदिप कंडेल

सहमति-CMDP-IV, कृषि प्राविधिक



**परिचय:**

कागति र सुन्तलाको बगैचा स्थापना गर्दा कुन जातको सुन्तला, कागति कुन मौषम, हावापानीमा कागति कति मिटरको हाइटमा खेति गर्न सकिन्छ सो कुराको विचार गर्दै व्यवसायिक कृषकले पहिला व्यवसायिक योजना तयार गरी, विरुवाको स्रोत, प्राविधिक ज्ञान, लगाउने तरिका, वर्षभरी बगैचामा कुन महिना के-के कार्य गर्ने भन्ने जस्ता कुराहरु ख्याल गरी बगैचा स्थापना गर्न सकिन्छ । अमिलो जातको फलफूल खेती लगाउन माटो योग्य छ कि छैन माटोको परीक्षण पनि गराउनु पर्दछ । त्यसपछि माटो उपयुक्त भए बगैचा तल उल्लेखित कुराहरु ध्यान पुऱ्याएर बगैचा व्यवस्थापन गर्ने ।

१) व्यवसायिक बगैचा स्थापना गर्दा सुन्तला लाई ६×६ विजुविरुवा र Grafted विरुवा ५×५ मिटर दुरिमा लगाउन सकिन्छ भने कागति ४×४ देखि ३×३ मिटरको दूरीमा विरुवा रोप्नु पर्दछ ।

२) विरुवा लगाउँदा पानी नजम्ने वारवन्देज लगाउन सकिने ठाउँमा पानीको मल नआउने, मोटर बाटोले छोएका र पानीको स्रोत भएको ठाउँमा जग्गा छनौट गर्नुपर्दछ ।

३) विरुवा रोप्नु भन्दा १/२ महिना पहिलानै ३×३ फिट अर्थात १ मिटर गोलाई गहिराई पनि १ मिटरको खाडल तयार गर्ने ।

४) खाडल खनिसकेपछि घामको प्रकाशले माटोको उपचार करिब १५/२० दिन गर्ने त्यसपछि खाडलमा कुहिएको वा गुणस्तरीय कम्पोष्ट मल वा प्राङगारिक मल राखि करिब १ हप्ता/२ हप्ता मल माटो सहित खाडल पुर्ने ।

५) खाडल पुर्दा १ फुट जमिनको सतह भन्दा माथि उठाउनु पर्दछ । जसले गर्दा विरुवा खाडलमा पानी जम्न पाउँदैन र विरुवाको मर्ने दर कम गर्न सकिन्छ । बिच केन्द्र भागमा काठको किल्ला गाड्नु पर्दछ र रोपिसकेपछि विरुलाई राम्रोसँग दुवै हातले थिचिदिनु पर्दछ ।

६) विरुवा रोप्दा असार देखि श्रावण महिनामा रोप्दा राम्रो हुन्छ ।

७) माटोको अवस्था हेरी सुख्खा याममा फागनुदेखि जेठसम्म १०/१५ दिनको फरकमा हल्का सिचाईं गर्न सकिन्छ ।

८) पानीको स्रोत कम भएको ठाउँमा थोपा सिचाईंको प्रयोग गर्न सकिन्छ ।

९) १-३ वर्षको विरुवालाई २०kg कम्पोष्ट मल हाल्नु पर्दछ ।

१०) युरिया, DAP र पोटास, १००, ५०, १०० ग्रामको मल हाल्नु पर्दछ ।

११) विरुवाको वरिपरि रिङ्ग बनाई मलखाद्य हाल्नु पर्दछ र त्यसलाई झारपातले छोपी सिँचाईं गर्नुपर्दछ ।

सुन्तला, कागति रोपीसकेपछि विरुवा हल्लाउने चाहि गर्नु हुँदैन किनकी विरुवा मर्न पनि सक्छ ।

वगैचा स्थापना गर्दा वगैचा रेखाङ्कन गरी बगैचा आकर्षक बनाउन सकिन्छ ।

१) वर्गाकार पद्धति विधि    २) त्रिभुजाकार विधि

३) A फ्रेम विधि    ४) षटकोण विधि

विशेषत: पहाडमा A फ्रेम पद्धति र तराईमा त्रिभुजाकार, समकोण र वर्गाकार विधिहरु उपयुक्त हुन्छ । यी विधिहरु अपनाई वगैचा आकर्षक वगैचामा राम्रोसँग हावा र प्रकाश पर्ने गरी बगैंचा रेखाङ्कन गरी बगैंचा स्थापना गर्नु पर्दछ ।

# आश्रय स्थल बन्यो

✍ श्री रामकिसुन कोडरी

सहमति-TBR, सामाजिक परिचालक



यस जिल्ला नवलपरासी सुस्ता गाउँपालिका वार्ड नं. ४ नर्सहीको भौगोलिक स्थिति उत्तरमा पहाड र दक्षिणमा भारत, पश्चिममा भारतीय नहर र पूर्वमा नारायणी नदी यो चारैतिबाट घेरिएको बिचमा टापुजस्तै सुस्ता गा.पा. वार्ड नं. ४ नर्सही बासीका जनताहरु वर्षेनी बाढीको डुबानबाट ग्रसित हुने गर्दछन् । त्यतिमात्र होइन नारायणी नदिको बाढीले गर्दा तीन महिना यहाँका जनता अनिद्रामा सुत्छन् । कतिखेर बाढी आउँछ ठेगान हुँदैन । हामी सबै जनाको धनजन बगाएर लैजान्छ चिन्तामा सोची-सोची त्रसित भएका हुन्छन् । त्यसैमा विपद् क्षेत्रमा काम गर्ने संस्था, सहमति र लुथ्रन वर्ल्ड रिलिफद्वारा सञ्चालित कार्यक्रम, नेपाल भारत सिमा उत्थानशील समुदाय परियोजना लिएर आयो । यी संस्था विभिन्न सेक्टरमा काम गरिरहेको छ । जस्तै पूर्व सूचना, पशु बिमा, कृषि बिमा, सहकारी कृषि उन्नत जात बिउबिजन वितरण कार्यक्रम गरेको छ । जसमा यहाँका जनताको लागि पूर्व सूचना दिने एउटा डिजिटल डिस्प्ले बोर्ड प्रहरी चौकीमा राखेको छ । त्यसै गरी बाढीबाट बच्नको लागि विभिन्न किसिमको जीवन रक्षा सामग्री दिएको छ । त्यस्तै गरी यहाँका जनता डुबानबाट बच्नको लागि सहमति र संस्थाको सहयोगमा १२,०००००।- (बाह्र लाख) को सुरक्षित आश्रय स्थल निर्माण गरेको छ । स्थानीय चुनाव पश्चात त्यसमा विपद् व्यवस्थापन समितिका अध्यक्ष पदमा रहेर काम गरी रहनु भएका श्री अशोक कुमार गुरुङ स्थानीय चुनावमा वार्ड अध्यक्ष पदका लागि लड्नु भएको थियो र जनताको मतबाट विजयी पनि हुनु भयो । यहाँको जनताका लागि पहिलेदेखि विपद्बाट बचाउनको लागि नयाँ-नयाँ सोँच खोजिगरी एउटा आफ्नो कार्यकालमा नयाँ अलि अलि अग्लो ठाउँमा सुरक्षित आश्रय स्थलको निर्माण गरौं भनि सोच गर्नुभयो । यहाँको विपद् व्यवस्थापन समिति र जनतासित सल्लाह गरेर ठोकर नं. १५ मा सुरक्षित आश्रय स्थल निर्माण गर्ने निर्णय भयो । त्यसको लागि अध्यक्षज्यू वार्ड कार्यालयबाट ४ लाख बजेट छुट्याउनुभयो । सबै नर्सहीबासी जनश्रमदान गर्ने र स्थानीय व्यापारीसँग माग्ने र गाउँको सबै ट्याक्टरहरुवाला सित एक वा दुई ट्रिप नारायणीबाट बालुवा, गिट्टी खसाल्ने र सहमति र लुथ्रन रिलिफद्वारा सञ्चालित कार्यक्रम WW TBR संस्थाबाट आर्थिक सहयोग माग गर्ने भनि निर्माण गरियो र यसैगरी ठोकर नं. १५ मा अहिले लगभग १२,०००००।- (बाह्र लाख) को सुरक्षित आश्रय स्थल निर्माण भएको छ । त्यसले गर्दा यहाँका जनता अब बाढी आउँदा अलि सुरक्षित महसुस गर्न लागेका छन् ।

### बिमा कार्यक्रम

विपद्बाट प्रभावित समुदायमा यो संस्थाले एउटा सराहनीय काम गरेको छ । जसले गर्दा कुनै किसिमको विपद् परिसकेपछि त्यसको क्षतीपूर्ति गर्नको लागि गरिब किसानको लागि पशु बिमा र कृषि बिमा कार्यक्रम सञ्चालन गरेकोमा यो क्षेत्रका किसानहरु धेरै हर्षित भएका छन् किन भने पहिला क्षति भएपछि आफ्नो पूरै लगानी डुब्यो तर अहिले बिमाको कारणले आफ्नो लगानी डुब्दैन भनेर किसानहरु राहत महसुस गरेका छन् ।

# कम लगानीमा बन्ने शुन्य शक्ति शित भण्डार

✍ श्री युना गैरे
सहमति-CMDP-IV, संस्थागत तथा बजार विकास अधिकृत

कम लगानीमा बन्ने शुन्य शक्ति शित भण्डार व्यक्तिगत रुपमा भण्डारण गर्न सकिने च्याम्बर हो । यसमा ताजा तरकारी, फलफूल र फूलहरु जस्ता उच्च नमि भएका उत्पादनहरु राख्न सकिन्छ । फलफूल, तरकारीहरुको उच्च नामिका कारण फल धेरै दिनसम्म नटिक्ने, छिटै कुहिने जस्ता समस्याहरु आउँछन । फलहरु कुहिने समस्याहरुबाट नियन्त्रण गर्न तापमान कम गर्न आवश्यक हुन्छ ।

यो शुन्य शक्ति शित इट्टा, बालुवा, वास, खर, जुटको बोरा आदिले सजिलै बनाउन सकिन्छ । यस च्याम्बरमा बाहिर भन्दा १० देखि १५°अ चिसो र सापेक्षित आद्रता ९०% कायम राख्न सकिन्छ । यो च्याम्बर सुख्खा मौसममा अझ बढि प्रभावकारी हुन्छ ।

**बनाउने तरिका**:

- पहिला जमिन बराबर बनाउने अनि बालुवा राख्ने





- त्यस पछि जमिनमा ईटा बिछ्याउने अनि १६५ से.मि को लम्बाई र ११५ से.मि. को चौडाई मिलाएर गारो बनाउने
- भित्रीगारो जस्तै गरी ७.५ से.मि. को ग्याप राखी अर्को उस्तै खालको गारो बनाउने
- गारो बनाउँदा ६७.५ से.मि. हाइटको बनाउने र हाइट चौडाई भन्दा ठूलो हुनु हुँदैन
- बिचको ग्यापमा चिसो बालुवाले भर्ने
- पिट बनाउदा भित्री गारो बाहिरी गारो भन्दा एक स्टेप बढी बनाउने
- पिट बनिसके पछी तिन ओटा क्रेट तल र तिन ओटा क्रेट त्यसको माथी गरेर फलफूल स्टोर गर्न सकिन्छ
- स्टोर गरिसके पछी क्रेट माथी प्लास्टिकले ढाक्ने र पुरै पिट माथी एउटा बलियो खाल्को छापो बनाई ढाक्ने र छापो माथी चिसो जुटको बोराले छोप्ने जसले गर्दा भित्री चिस्यान कायम रहन्छ
- घाम पानी बाट बचाउन र पिटलाई निरन्तर छहारीमा राख्नका निम्ति बलियो खाक्लो छानो बनाउनु पर्दछ



**ध्यानमा राख्नु पर्ने कुराहरु**

- जग्गा छनोट गर्दा पानीको श्रोत नजिकै भएको ठाउँ छान्नु पर्दछ
- ईटाहरु इन्टरलक गरेर राख्नु पर्दछ नत्र ईटाहरु ढल्ने सम्भावना धेरै हुन्छ
- च्याम्बरको हाइट चौडाई भन्दा ठूलो हुनु हुँदैन
- स्टोर गरेको उपजहरुलाई पानीको थोपाबाट बचाउनु पर्दछ
- च्याम्बर सफा राख्नु पर्दछ र शत्रु किटहरुबाट बचाउन बेला बेलामा किटनासक जस्ता औषधीहरु छरी राख्नु पर्दछ ।
- प्रयोग गर्ने बालुवा जहिले पनि सफा र जैविक पदार्थ मुक्त हुनु पर्दछ
- प्रयोगमा ल्याउने ईटा जहिले पनि सफा, नटुक्रिएको र राम्रो Porosity भएको हुनु पर्दछ
- पिटमा रहेको ईटा बालुवाको जहिले पनी चिस्यान रहिरहनु पर्दछ ।



# अमिलो वर्ग (सुन्तला, कागती, निवुवा) फलफूल व्यवसायिक खेती बगैंचा व्यवस्थापन

✍ श्री खिलेश्वरा पाण्डे
सहमति CMDP-IV, कृषि प्राविधिक



**हावापानी**:

उष्ण र समउष्ण क्षेत्र, समुद्रि सतहबाट ८००-१५०० मिटरको उचाइमा सफल तथा व्यवसायिक खेति गर्न सकिने सुन्तला तथा कागती खेतिको लागि उपयुक्त हावापानी मानिन्छ ।

**जग्गाको मोहडा**:

फलफूल खेतिका लागि बगैचा स्थापना गर्ने स्थानको लागि जग्गाको मोहडा दक्षिण पूर्व फर्केको हुन जरुरी पर्दछ । जसले गर्दा सूर्यको प्रकाश पूरै दिनभर विरुवा तथा फलमा लाग्ने भइ सुन्तला र कागती फलमा गुणस्तर स्वादमा विकास भई बजारको माग बढी हुन जान्छ । तर सिञ्चाइको अभाव कम भएको क्षेत्रमा भने उत्तर पूर्वि मोहडामा उपयुक्त भएको पाइएको छ । सिंचाइ सुविधा नभएका ठाउँमा दक्षिण मोहडामा राम्रो उत्पादन हुँदैन ।

**माटो**:

सामान्यतया माटोको पि.एच. मान ५.५ देखि ६.५ भएको कम्तीमा २ मिटर गहिराइसम्म मलिलो माटो भएमा सुन्तला कागतीका बोटहरुले माटोबाट सबै प्रकारका खाद्यतत्व लिन सक्छ । माटो पानी नजम्ने हल्का दोमट माटो प्राङ्गारिक पदार्थ प्रसस्त भएको माटोमा सुन्तला, कागती खेति राम्रो मानिन्छ ।

**सिञ्चाइ तथा निकाश**:

बगैचा स्थापना गर्ने ठाउँमा आवश्यक परेको बेला सिंचाइको सुविधा हुन अति नै जरुरी हुन्छ । वर्षात्को समयमा परेको पानीलाई निकाशको प्रबन्ध हुनु पर्दछ । वगैचा सधैभरी आफूले रेखदेख गर्न सकिने ठाउँमा हुनु पर्दछ । जमिन मुनि ५ मिटरसम्म गहिरोसम्म ठूला चट्टानहरु हुनु हुँदैन जसले गर्दा सुन्तलाको जरा तलसम्म फैलन सक्छन् र लामो समयसम्म उत्पादन राम्रो लिन सकिन्छ ।

**बारबन्देज**:

बगैचा स्थापना गर्ने ठाउँ वरिपरि काँडेतार वा जिवित फेन्सीङ्गको घेरावारा भित्र हुनु पर्दछ । वगैचामा विरुवा लगाउनु भन्दा पहिलानै बार वन्देजको व्यवस्था गर्नु पर्दछ । वगैचाको रेखाङ्कन विरुवा रोप्ने समय भन्दा १ महिना अगाडि जेष्ठ महिनाको सुरुमा बगैचाको रेखाङ्कन गरी खाडल खनि सक्नु पर्ने हुन्छ । सुन्तला खेतिको लागि लाइनदेखि लाइनको दूरी ६ मिटर फरक बोटदेखि बोट ६ मिटर फरक र कागति खेतिको लागि लाइनदेखि लाइनको दुरी ५ मिटर फरक साथै बोटदेखि बोटको दुरी ४ मिटर फरकमा रेखाङ्कन गरी चिनो लगाई खाडल खन्नु पर्दछ । रेखाङ्कन जमिनको मोहडा, गरा, सम्म ठाउँ, पहाडी भिरालो ठाउँ, पहाडी भिरालो ठाउँ अनुसार फरक-फरक तरिकाले रेखाङ्कन गर्न सकिन्छ ।

जस्तै:

१) समकोण विधि
२) त्रिभुजकोण विधि
३) षटकोण विधि
४) कन्टुर पद्धति विधि (यो विधि पहाडी भिरालो ठाउँमा गरिन्छ ।)

वगैचाको रेखाङ्कन आफूले चाहेको विधि अनुसार तयार पारि ठिक ठाउँमा किल्ला तथा माटो गाडी चिन्ह लगाउने र चिन्ह परेको ठाउँमा १ मिटर गोलाई १ मिटर गहिराइको खाडल खन्ने, खाडलको माथिल्लो सतहको माटो मलिलो हुने हुनाले भिन्दै राख्ने र तल्लो सतहको माटो भिन्दै ठाउँमा राख्ने । खाडलको आकार थुन्से आकार माथि १ मिटर गोलाई र तल अलि सानो पार्दै लाने । खाडल खन्दा माथिल्लो सतहको माटो १ डोको पाकेको गोवर मल मिसाइ खाडल भर्नुपर्दछ र खाडल खन्दा तलको रुखो माटोले जमिनको सतह माथी राखि जमिनको सतह भन्दा १ फुट माथि उठ्ने गरी खाडल पुरी विचभागमा पर्ने गरी एउटा बासको भाटो अर्थात किल्ला माटोमा गाडी चिन्ह लगाई राख्नु पर्दछ ।

**विरुवा व्यवस्थापन**:

विरुवा रोप्ने समय भन्दा पहिले नै स्रोत नर्शरीको पहिचान गरी उच्च गुणस्तर, रोग, किरा, मुक्त विरुवाको व्यवस्था मिलाउनु पर्दछ ।

**विरुवा रोपाईं**:

आषाढ मिहनाको पहिलो हप्ता वा राम्ररी वर्षा भएपछि भिजेको जमिनमा विरुवा रोप्न उपयुक्त हुन्छ । पहिला तयार पारेको खाडलमा चिन्ह लगाएको ठाउँमा किल्ला पन्छाई त्यहि डोवमा ६ इन्च गहिरो खाडल बनाई विरुवा प्लाष्टिक थैलामा भए माटो नफुटाई प्लाष्टिक हटाएर विरुवा खाडलमा रोपी विरुवालाई राम्रोसँग थिचिदिनु पर्छ । तर विरुवा नर्शरीबाट नर्सरीबाट ल्याउदा पहिला जति माटोले पुरेको भागलाई मात्र माटोले पुरी थिचिदिनु पर्दछ । विरुवा सिधा तथा हावाले नढल्काओस भनि काठ वा भाँटो गाडी हल्का विरुवालाई डोरीले बाँधिदिनु पर्दछ ।

**मल्चीङ्ग वा छापो** :

विरुवा रोपेपछि वरिपरि मल्चिङ्ग गर्न जरुरी पर्दछ । जसले गर्दा माटोमा चिस्यान रहि रहने र अनावश्यक झार उम्रन नपाउने र वर्षाको दर्के पानीले माटो बगाउनबाट बचाउने काम मल्चिङ्ग वा छापोले गर्दछ । छापो लगाउने खर, पराल भने सुकेको हुनु पर्दछ ।

**सिंचाई**:

वगैंचा सुख्खा भएको बेला हल्का सिंचाइ गर्न जरुरी हुन्छ । विरुवा रोपेको पहिलो र दोस्रो वर्ष आवश्यक अनुसार हजारीबाट सिंचाइ गर्दा राम्रो हुन्छ ।

**गोडमेल**:

नियमित रुपमा वगैचाको रेखदेख गरिरहनु पर्दछ । अनावश्यक

झारपात आउन दिनु हुँदैन गोडमेल गरी रहनु पर्दछ । विरुवा कलमी भएमा (जरा पट्टिको भाग) चोरहागा आउन सक्छन त्यस्ता हाँगालाई सिकेचरको सहायताले काटेर हटाउनु पर्दछ ।

**काँटछाँट**:

सुन्तला, कागती, जातको वगैचामा हरेक वर्षको माघ महिनामा अर्थात् सुन्तला कागती वाली उठाई सकेपछि विरुवामा भएका बोटमा भएका चोर हाँगाहरु, सुकेका हाँगाहरु, काटी हटाउनु पर्दछ । कलिलो अवस्थामा गर्नु पर्ने तालिम र वयस्क अवस्थामा काँटछाँट गर्न अत्यन्त जरुरत पर्दछ । वगैचा स्वस्थ र उत्पादनसिल बनाइराख्न काँटछाँट गर्नु पर्दछ । काँटछाँट नभएमा वोट छिटो ह्रास हुन थाल्छ साथै फलद उत्पादन हुँदैन । छाँटकाँट गरेको विरुवाको घाउ लागेको ठाउँमा वोर्डो पेन्ट प्रयोग गर्ने जसले गर्दा ढुसिनासक रोगले आक्रमण गर्न पाउँदैन ।

**काँटछाँट किन गर्ने ?**

- अनावश्यक हाँगाहरु जसले फल दिँदैन मलमात्र खाने हाँगाहरु हटाउन
- फल दिने हाँगाहरु बढाउन र विरुवालाई हेर्दा राम्रो देखिने बनाउन ।
- रोग कीराको प्रकोप कम गर्न र सूर्यको प्रकाश तथा हावा विरुवाको सबै भागमा पुर्‍याउन
- उच्च गुणस्तरको फल फलाउन ।

**काँटछाँट गरिसकेपछि वोर्डो पेष्ट लगाउने**

- धुलो बनाएको चुना १५० ग्राम
- धुलो बनाएको निलोतुथो १०० ग्राम
- १ लिटर पानी

**बनाउने तरिका**:

माथि उल्लेखित सामाग्रीलाई धातुको भाँडामा निलोतुथोको झोलले तुरुन्त खाने भएकाले अर्थात प्वाल पार्ने भएकाले पेष्ट बनाउँदा प्लाष्टिक वा काठको भाँडोमा बनाउदा राम्रो हुन्छ । निलोतुथो र चुनालाई बेग्लाबेग्लै भाँडोमा घोल्ने र तेस्रो भाँडोमा चुना र निलोतुथोको घोल विस्तारै खन्याउँदै चलाउँदै जाने एउटै भाँडामा मिसाउने र पेष्ट ठीक छ छैन भनेर परीक्षण गर्नु पर्दछ । परीक्षण गर्दा तयार भएको पेष्टमा फलाम चक्कु अर्थात् कुनै चिज डुबाएर हेर्दा खिया देखिएमा पुन: फेरि चुना थप्दै जानु र घोल्दै जानु पर्दछ । फेरी १ मिनेटसम्म फलामको चिज पेष्टमा डुबाउने जव फलामको टुक्रामा खिया लाग्दैन यो पेष्ट विरुवाको हाँगा अर्थात् काटेको ठाउँमा लगाउन तयार भयो । यसरी तयार भएको पेष्ट २४ घण्टाभित्र प्रयोग गरिसक्नु पर्दछ । परीक्षण नगरी खिया आउने पेष्ट प्रयोग गरे विरुवालाई असर पर्दछ ।

कलमि विरुवा भन्दा अझ विजु विरुवाको काँटछाँटको अझ बढि आवश्यक हुन्छ । त्यस्तै गरी माकुराको जालो, कमिलाको गोला र अन्य लहरा भए लहराहरु पनि हटाउनु पर्दछ । सुन्तला तथा कागतीका विरुवाको काँटछाँट गरिसकेपछि बोट आकार अनुसार पाकेको गोबर मल तथा मलखाद्य लगाई सिंचाइ गरिदिनु पर्दछ । मलखाद्य लगाउँदा विरुवाको उमेर, अवस्था, सिजन अनुसार मलखाद्य प्रयोगको तरिकामा फरक पर्दछ । फेरी सुन्तला जात फलफूलको जराको प्रकृति पनि फरक भएकोले मलखाद्य प्रयोग गर्दा उचित तरिका पुगेन भने बोटले लिन सक्दैन । मलखाद्य बोटको वरिपरि वेसिन बनाएर वेसिनमा मलखाद्य प्रयोग गर्ने । रसायनिक मल दिने बेलामा मूल फेदमा नपर्ने गरी फेददेखि करिब २ हात परबाट मल दिने ३, ४ वर्षको अन्तरालमा कृषि चुन प्रयोग गर्नु पर्दछ । जसले गर्दा माटोको गुणस्तर कायम राख्दछ । प्राङ्गारिक मल माटोमा घुली बिरुवाको खाद्यतत्व प्राप्त हुन समय लाग्ने भएकाले विरुवाको नयाँ पालुवा आउनु अगावै पुष, माघ महिनामा प्रयोग गर्ने र रसायनिक मल माटोमा मिल्नासाथ विरुवालाई प्राप्त हुने भएकाले नयाँ पालुवा पलाउन शुरु हुनसाथ प्रयोग गर्नु उपयुक्त हुन्छ ।

सिफारिस मात्राको आधाभाग नाइट्रोजन (युरिया) र फस्फोरस (डिएपी) तथा पोटासको पुरैभाग माघ-फागुन (फूलफुल्नु भन्दा करिब १५-२० दिन अगावै माटोमा प्रयोग गर्ने ।

३०-५०kg कम्पोष्ट मल प्रति किलो फल्ने बोटलाई पौष-माघमा नै माटोमा हाल्ने साथै सिंचाइ गर्ने र विरुवाको जरा जमिन बाहिर निस्कीएका भए माटो लगाई जरा पुरिदिनु पर्दछ । साना नफल्ने विरुवालाई पनि वर्षेनी गोडमेल गरी थप मल लगाउनु पर्दछ । १ देखि ५ वर्ष भित्र बोटलाई १०-२५ kg मल कम्पोष्ट मल लगाउने । रसायनिक मल पनि सिफारिस दरमा लगाउने ।

विरुवाको उमेर अनुसार सिफारिस गरेको मलखाद्य तालिका प्रतिबोट

| विरुवाको उमेर | युरिया (ग्राम) | डि.ए.पी. (ग्राम) | पोटास (ग्राम) |
|---|---|---|---|
| १ | ५० | २५ | ५० |
| २ | १०० | ५० | १०० |
| ३ | १५० | ७५ | १५० |
| ४ | २०० | १०० | २०० |
| ५ | २५० | १२५ | १५० |
| ६ | ३०० | १५० | ३०० |
| ७ | ३५० | १७५ | ३५० |
| ८ | ४०० | २०० | ४०० |
| ९ | ४५० | २५० | ४५० |

स्रोत: सुन्तला फलफूल खेति प्रविधि कृषि सूचना तथा सञ्चार केन्द्र -२०७४/०७५

नयाँ तथा पुराना बगैचामा सूक्ष्म तत्वको समिश्रण स्प्रेयर गर्ने २० लिटर पानीमा निम्न बमोजिम परिमाण मिसाउने र वैशाख-जेष्ठ महिनामा स्प्रेयर गर्ने ।

१) जिङ्क सल्फेट - ९८ ग्राम
२) कपर सल्फेट - ५९ ग्राम
३) म्याग्नेसियम सल्फेट - ३९ ग्राम
४) फेरस सल्फेट - ३९ ग्राम
५) म्याग्नेसियम सल्फेट - ३९ ग्राम
६) चुना - १८० ग्राम

स्रोत: सुन्तला फलफूल खेति प्रविधि कृषि सूचना तथा सञ्चार केन्द्र -२०७४/०७५

# नेपालमा सिफारिस गरिएका सुन्तलाजात फलफूलहरू (सुन्तला, जुनार र कागतीका) जातहरू र तिनीहरूका जातीय गुणहरू

✍ डा. सुवास सुवेदी
वरिष्ठ कृषि वैज्ञानिक-NARC



**परिचय**

नेपालको मध्य पहाडी क्षेत्रको आर्थिक अवस्थामा सुधार ल्याउन महत्वपुर्ण योगदान गरेको सुन्तलाजात फलफूलहरु मध्ये सुन्तला नेपालको रैथाने फलफूल अन्तर्गत पर्दछ । हाम्रो देशमा परापूर्वकाल देखि सुन्तलाजात फलफूल खेती हुँदै आएको छ । देशका केहि पुराना पकेट क्षेत्रहरूमा सय वर्षभन्दा बढी उमेरका फल दिने सुन्तलाका बोटहरू अहिले पनि पाइन्छ । देशको पूर्व देखि पश्चिमसम्मको मध्य पहाडी भू-भाग सुन्तलाजात फलफूल उत्पादन हुने क्षेत्र अन्तर्गत पर्दछ । सुन्तलाजात फलफूल अन्तर्गतका सुन्तला, जुनार, कागती, निबुवा, भोगटे, ज्यामिर, बिमिरो, चाक्सी, काठे आदि नेपालका विभिन्न भू-भागमा पाइन्छ ।

मध्य पहाडी, हिमाली तथा तराईका जिल्ला गरी कूल ६३ जिल्लामा सुन्तलाजात फलफूलहरुले करीव ४६३२८ हेक्टर क्षेत्रफल ढाकेको छ । हाल सुन्तलाजात फलफूलले ढाकेको कूल क्षेत्रफलको ५८ प्रतिशत क्षेत्रफल उत्पादनशील अबस्थामा रहेको छ । आ.व. २०७३/७४ को तथ्याङ्क अनुसार कुल २३९,७७३ मे.टन फल उत्पादन भएको देखिन्छ ।

**नेपालमा पाइने सुन्तला, जुनार र कागतीका जातहरु**

उत्पत्ति स्थलको हिसाबले नेपाल पनि सुन्तलाको संभाब्य स्थल मानिन्छ । पश्चिमान्चल क्षेत्रको बुटवल प्राचिन काल देखि कै ब्यापारिक नाका रहेको र पश्चिमान्चल क्षेत्रका पहाडी जिल्लाहरूमा उत्पादन हुने सुन्तला त्यहि बजारमा पुग्ने भएकोले पुराना पुस्तकहरूमा बुटवल सुन्तला भनि उल्लेख भएको पाइन्छ । हाम्रो स्थानीय जातको सुन्तला ज्यादै गुणस्तरको मानिन्छ ।

**(क) सुन्तला**

**१. खोकु स्थानीय जात**

- यो धनकुटा जिल्ला खोकु गा.वि.स.का कृषकको बगैचाबाट छनौट गरिएको नेपालको स्थानीय जात हो ।
- यसको खेतिको लागि ८०० देखि १४०० मिटरसम्मको उचाई भएको स्थान उपयुक्त हुन्छ ।
- फाल्गुनको पहिलो हप्ता देखि मुना पलाएर चैत्रको पहिलो हप्ता सम्ममा फूल फुल्न थाल्छ ।
- उचाई अनुसार मंसिर देखि माघ सम्ममा उत्पादन लिन सकिन्छ ।
- एउटा फलमा औषत १२ देखि १४ वटा बीउ हुन्छन् ।
- फलको बोक्राको सतह केही खस्रो, हल्का पहेंलो र आकर्षक हुन्छ ।
- फलको रसमा गुलियोपन (TSS) १३-१४ प्रतिशत र अमिलोपन ०.८ देखि १.० प्रतिशत हुन्छ ।
- एउटा फलको सरदर तौल १०० देखि १२५ ग्राम सम्म हुन्छ ।
- फलमा रसको मात्रा करिव ४५% हुन्छ ।

**२. ओकित्सूवासे जात**

- यो जापानबाट ल्याइएको उन्सु समूहको सुन्तलाको एउटा जात हो ।
- यसको खेतिको लागि ८०० देखि १४०० मिटरसम्मको उचाई भएको स्थान उपयुक्त हुन्छ ।
- फाल्गुनको पहिलो हप्ता देखि मुना पलाएर फाल्गुनको अन्तिम सम्ममा फूल फुल्न थाल्छ ।
- भाद्र महिनाको दोश्रो सातादेखि उत्पादन लिन सकिन्छ ।
- अगौटे जात भएकोले यसले राम्रो बजार पाउन सक्छ ।
- यसको फलमा वीउ हुँदैन ।
- यसका पात नेपाली सुन्तलाका भन्दा केही ठूला हुन्छन् ।
- फलको तौल १४० देखि १८० ग्राम सम्म हुन्छ ।
- फल पाकिसक्दा पनि बोक्राको रंग हरियो नै हुन्छ ।
- यसको फलको रसमा गुलियोपन ८ देखि ९ प्रतिशत र अमिलोपन ०.८ देखि १ प्रतिशतसम्म हुने भएकाले नेपाली सुन्तलाभन्दा कम गुलियो हुन्छ ।
- फलमा रसको मात्रा करिव ५० % हुन्छ ।

**(ख) जुनार**

**१. धनकुटा स्थानीय जात (नेपाली जुनार)**

- राणाकाल देखि नेपालमा खेती गरिदै आएका स्थानीय जुनारबाट छनौट गरिएको हो ।
- यसको खेतिको लागि ८०० देखि १४०० मिटरसम्मको उचाई भएको स्थान उपयुक्त हुन्छ ।
- एउटा फलको सरदर तौल १५०-२०० ग्राम सम्मको हुन्छ ।
- उचाई अनुसार मंसिर देखि माघ सम्ममा उत्पादन लिन सकिन्छ ।
- यो एउटा मध्यम मौषमी जात हो ।
- राम्ररी पाकेको फलको रसमा गुलियोपन (TSS) १३ देखि १४ प्रतिशत र अमिलोपन १ प्रतिशत सम्म हुन्छ

**२. वासिङ्टन नेभल**

- यसको उत्पत्ति ब्राजिलमा भएपनि व्यवसायीक खेती अमेरिकाको वाशिंगटनबाट शुरु भएकोले त्यसै ठाउंको नामबाट यसको नामाकरण गरिएको हो ।
- ८०० देखि १२०० मिटरको उचाई यसको खेतीको लागि उपयुक्त हुन्छ ।
- यो कार्तिक-मंसिरमा पाक्ने अगौटे जात भएकोले यसले राम्रो बजार पाउन सक्छ ।
- फलको टुप्पातिर नाइटो भित्र अर्को फल गांसिएको जस्तो देखिन्छ ।

- राम्ररी पाकेको फलको रसमा गुलियो पन १२ देखि १३ प्रतिशत र अमिलो पन १.४ देखि १.७ प्रतिशत हुन्छ ।
- एउटा फलको सरदर तौल १२५-१५० ग्राम सम्मको हुन्छ ।
- फलमा रसको मात्रा करिव ३५ देखि ४० % हुन्छ ।
- फलभित्र विउ एकदम थोरै हुन्छन् वा वीउ नै हुँदैन ।
- अन्य गुण राम्रो भए पनि यस जातमा फल झर्ने समस्या बढी भएकोले उत्पादन कम हुन्छ ।

**३. भ्यालेन्सीया लेट जात**

- यसको खेतिको लागि ८०० देखि १४०० मिटरसम्मको उचाई भएको स्थान उपयुक्त हुन्छ ।
- उचाई अनुसार फाल्गुनको पहिलो हप्ता देखि वैशाख महिना सम्ममा उत्पादन लिन सकिन्छ ।
- यो पछौटे जात भएकोले यसले राम्रो बजार पाउन सक्छ ।
- एउटा फलको सरदर तौल १२५-१५० ग्राम सम्म हुन्छ ।
- राम्ररी पाकेको फलको रसमा गुलियो पन १२.५ देखि १४.५ प्रतिशत र अमिलो पन १.४ देखि १.५ प्रतिशत सम्म हुन्छ ।
- फलमा ढिलो गुलियो पस्ने भएकोले फल कुहाउने औषाको प्रकोप कम हुन्छ ।
- फलमा गुदीको मात्रा ४०-५०% सम्म र रसको मात्रा ३५-४० % सम्म हुन्छ ।

**(ग) कागती**

**१. तेह्रथुम स्थानीय**

- यो जात तेह्रथुम जिल्लाको फाक्चामाराका कृषकको बगैंचाबाट छनौट गरिएको नेपालको स्थानीय जात हो ।
- मध्य पहाडको ८०० देखि १२०० मिटर सम्म उचाई भएका स्थानहरु यसको व्यवसायीक खेती गरि गुणस्तरीय फल उत्पादनको लागि अति उपयुक्त हुन्छन् ।
- तैपनि ८०० देखि १६०० मिटर सम्मको उचाईंमा यसको खेती गरी उत्पादन लिन सकिन्छ ।
- मध्य पहाडी भागमा यसको खेति गर्दा कार्तिक देखि पौषसम्म उत्पादन लिन सकिन्छ भने तराईमा पनि यसको उत्पादन लिन सकिने सम्भावना देखिएको छ ।
- यसको फलको आकार गोलो, बोक्रा नरम र पातलो हुन्छ ।
- एउटा फलको सरदर तौल ४० देखि ५० ग्राम र पाक्न थालेपछि फलको रङ हल्का पहेलो हुन्छ
- यसको रसमा अमिलोपन ७ देखि १० प्रतिशत हुन्छ ।
- सरदर ६५ वटा फलबाट १ लिटर रस निकाल्न सकिन्छ ।
- मध्य पहाडी भागमा यसका कलमी बिरुवा हरुले रोपेको ३ देखि ४ वर्ष पछि व्यवसायिक फल उत्पादन दिन थाल्दछन् ।

**२. एन.सि.आर.पि. ५५ (सुन कागती १)**

- यो प्रजाति तराई, भित्रिमधेस, बेशी/खोच र तटीय क्षेत्रका पानी नजम्ने स्थानमा खेति गर्दा आषाढ देखि भाद्रसम्म उत्पादन लिन सकिन्छ भने केही मात्रमा बर्षै भरी फल लिन सकिन्छ ।
- मध्य पहाडी भागमा यसको खेति गर्दा भाद्रदेखि कार्तिकसम्म उत्पादन लिन सकिन्छ भने केही मात्रामा बर्षै भरी फल लिन सकिन्छ ।
- फल हरु गोला, पाक्दा सुनौला रंगका, चिल्ला, पातला बोक्रा भएका, रसिला र बास्नादार हुन्छन् ।
- एउटा फलको सरदर तौल ४५ देखि ५५ ग्राम हुन्छ ।
- फलमा रस ४९ प्रतिशत सम्म हुन्छ ।
- रसमा अमिलोपन ७ देखि १० प्रतिशत हुन्छ ।
- यसका कलमी बिरुवाहरुले रोपेको ३ देखि ४ वर्ष पछि व्यवसायिक फल उत्पादन दिन थाल्दछन् ।
- प्रति हेक्टर उत्पादकत्व ३४.५ मे. टन

**३. एन.सि.आर.पि. ४९ (सुन कागती २)**

- यो प्रजाति तराई, भित्रिमधेस, बेशी/खोच र तटिय क्षेत्रका पानी नजम्ने स्थानमा खेति गर्दा आषाढदेखि भाद्रसम्म उत्पादन लिन सकिन्छ भने केही मात्रमा बर्षै भरी फल लिन सकिन्छ ।
- मध्य पहाडी भागमा यसको खेति गर्दा भाद्र देखि कार्तिक सम्म उत्पादन लिन सकिन्छ भने केही मात्रामा बर्षै भरी फल लिन सकिन्छ ।
- फल हरु गोला, पाक्दा सुनौला रंगका, चिल्ला, पातला बोक्रा भएका, रसिला र बास्नादार हुन्छन् ।
- एउटा फलको तौल ४५ देखि ५० ग्राम हुन्छ ।
- फलमा रस ४८ प्रतिशतसम्म र अमिलोपन ७ देखि ७.१ प्रतिशत सम्म हुन्छ ।
- यसका कलमी बिरुवाहरुले रोपेको ३ देखि ४ वर्ष पछि व्यवसायिक फल उत्पादन दिन थाल्दछन् ।
- प्रति हेक्टर उत्पादकत्व २६.९ मे. टन

**४ एन.सि.आर.पि. ५३**

- यो प्रजाति तराई, भित्रिमधेस, बेशी/खोच र तटिय क्षेत्रका पानी नजम्ने स्थानमा खेति गर्दा जेष्ठदेखि श्रावणसम्म उत्पादन लिन सकिन्छ भने केही मात्रमा बर्षैभरी फल लिन सकिन्छ ।
- मध्य पहाडी भागमा यसको खेति गर्दा श्रावण देखि कार्तिक सम्म उत्पादन लिन सकिन्छ भने केही मात्रमा बर्षै भरी फल लिन सकिन्छ ।
- फलहरु ठूला, गोला, पाक्दा सुनौला रंगका, चिल्ला, पातला बोक्रा भएका, रसिला हुन्छन् ।
- एउटा फलको सरदर तौल ९० देखि १०० ग्राम हुन्छ ।
- फलमा रस ४४ प्रतिशत र रसमा अमिलोपन ६.४ देखि ६.५ प्रतिशत सम्म हुन्छ ।
- यसका कलमी बिरुवाहरुले रोपेको ३ देखि ४ वर्ष पछि व्यवसायिक उत्पादन दिन थाल्दछन् ।
- यो प्रजाती औद्योगिक प्रयोजनको लागि अति उपयोगी छ ।
- प्रति हेक्टर उत्पादकत्व ३०.९ मे.टन
- यो प्रजाती औद्योगिक प्रयोजनको लागि अति उपयोगी छ ।

## नेपालमा उत्पादित सुन्तला फलको गुणस्तर निर्धारण

■ सुन्तला फलको बिभिन्न ग्रेडको औसत डायमिटर र तौल

| सि.नं. | फलको साईज | फलको औसत आकार (मि.मि.) | | औसत फलको तौल (ग्राम) | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| | | फलको डायमिटर | फलको उचाई | | | |
| १. | अति ठुलो फल | ७४.५ | ६६.८ | १४० | | स्थानिय नेपाली सुन्तलाको ब्रिक्स ११ १३ सम्मलाई उपयुक्त मानिन्छ । |
| २. | ठुलो फल | ६८.७ | ६२.४ | ११५ | "A" | |
| ३. | मध्यम साईज | ६५.१ | ५९.५ | १०० | "B" | |
| ४. | सानो फल | ५८.५ | ५३.० | ७८ | "C" | |
| ५. | धेरैसानो फल फल | ५२.५ | ४९.४ | ६० | | |

## सुन्तला बगैंचाको बार्षिक कार्यतालिका

| महिना | बोटको वृद्धि अवस्था र कार्यतालिका |
|---|---|
| वैशाख | ● वैशाखको सुख्खा मौषममा साना विरुवा र फल फलिरहेका बोटलाई पानीको जरुरत पर्ने हुँदा सिञ्चाई अति नै आवश्यक हुन्छ ।<br>● सुन्तलाको जरामा चिस्यान कायम गर्न खर, पराल र सुकेको झारपात आदिले विरुवाको फेद वरिपरी छापो दिने कार्य गर्नुपर्छ ।<br>● नयाँ बगैंचा स्थापना गर्ने सोच राख्नु भएको छ भने उपयुक्त जग्गाको छनौट र रेखांकन गरी खाडल खन्ने तयारी गर्नुहोस् ।<br>● बोटमा फेद कुहिने समस्या छ भने रोगबाट बचाउन तीनपाते सुन्तलाको सहायक जरा (नेचुगी) दिने उपयुक्त समय भयो । |
| जेष्ठ | ● सुन्तलाको बोटलाई पानी दिनुहोस् ।<br>● महिनाको अन्तिमतिर पानी पर्न थाल्नुभन्दा पहिले फेद कुहिने रोग नियन्त्रणको लागि फेदमा बोर्डोपेष्ट लगाउनुहोस् ।<br>● पानी पर्ने समयमा सानो तथा वयस्क दुवै उमेरका बोटलाई बोर्दोमिश्रण बनाई बोटमा छर्नुहोस् । |
| आषाढ | ● चैत्र/वैशाख महिनामा खाडल खनी तयार पारिएको जग्गामा भरपर्दो नर्सरीबाट स्वस्थ विरुवा ल्याई रोप्नुहोस् ।<br>● बर्षात् शुरु हुन थालेकाले बगैंचामा पानी निकासको व्यवस्था गर्नुहोस्, ठूला बोटको फेद कुहिने रोग निरीक्षण गरी दोस्रो पटक बोर्दोपेस्ट लगाउनुहोस् ।<br>● बगैंचामा उम्रिएका अनावश्यक झारपात हटाउनुहोस् ।<br>● झ्याउ/लेउ लागेको भागहरु खुर्केर हटाई उक्त भागमा बोर्दोपेष्ट लगाउनुहोस् ।<br>● ठूलो बोटको छाँटेको ठाउँमा बोटको कदलाई फराकिलो पार्न तानेका हाँगाहरु पलाएका छन् भने हटाई दिनुहोस् । |
| श्रावण | ● सुन्तलाका दानाहरु गुच्चा आकारको भए होलान्, ज्यादा फलेको छ भने १००-२०० पात बराबर एउटा दाना हुने गरी छाट्नुहोस् ।<br>● कत्ले कीरा, पतेरो तथा नयाँ पालुवामा लाग्ने लाही, पात खाने लार्भे, सुलसुले आदि बढि आउन सक्ने हुँदा पहिचान गरी नियन्त्रण गर्नुहोस् ।<br>● बोट वरिपरी आएका झारपात गोडी सफा गर्ने र जरा कुहिने रोग देखा परेको छ भने वा पुरै बोटका पात पहेलो देखिएमा बोर्दोमिश्रण बनाई जरा भिज्ने गरी ड्रेचिंग गर्नुहोस् ।<br>● पानी निकासको राम्रो प्रवन्ध गर्नुहोस् । |

| | |
|---|---|
| भाद्र | ● बढी फल फलेका हाँगाले धान्न नसकि हाँगा भाँचिनबाट जोगाउन बाँस वा रुखका हाँगाको टेका लगाउन नभुल्नुहोला ।<br>● सुन्तला बोटको वरिपरी आएका झारपात गोडी सफा गर्ने र बोटको वरिपरी एक मिटर जति खाली ठाउँ राखी घुसुवा वालीको रुपमा कोसेवाली तथा तरकारी खेती लगाउन जग्गा तयार गर्ने बेला भयो ।<br>● पतेरो, कत्ले कीरा, फेद कुहिने रोगलाई होशियारी पुऱ्याई आवश्यकता अनुसार जैविक तथा वनस्पतिक विषादी स्प्रे गर्ने वा टिपेर मार्नुहोस् । |
| आश्विन | ● गत महिना तयार गरेका जग्गामा घुसुवा वालीको रुपमा तरकारी लगाउने बेला भयो ।<br>● सबैभन्दा बढी पतेरो लाग्ने समय भएकोले प्रयोग Collecting Net प्रयोग गरी समातेर मास्नुहोस् ।<br>● आश्विनको दोस्रो तेस्रो हप्तादेखि बर्षाद पनि रोकिने हुँदा माटो सुख्खा हुन जाने भएकाले सुकेका झारपातले मुल्चिंग दिनुहोस् । |
| कार्तिक | ● महिनाको तेस्रो हप्तादेखि २५-५० प्रतिशतसम्म सुन्तला दाना पहेलो हुन थाल्दछ, त्यसैले सुन्तलाको बजारीकरणका लागि चाँजोपाँजो मिलाउनुहोस् ।<br>● फल टिप्दा बोटलाई हानी नपुग्ने गरी टिप्नुहोस् । सम्भव भएसम्म फल टिप्ने कैंची प्रयोग गर्नुहोस् ।<br>● शुन्यशक्ति शित भण्डार सरसफाई गर्ने कार्य शुरु गर्नुहोस् । |
| मंसिर | ● फललाई होशियारीका साथ फल टिप्ने कैंची प्रयोग गरी टिप्ने, विशेष गरी भण्डारण गर्नको लागि महिनाको मध्यदेखि अन्तिमसम्म टिप्ने र टिपेपछि Pretreatment गरी स्टोरमा राख्ने । |
| पौष | ● बोटमा बाँकी रहेका फलहरु जति सक्दो छिटो टिप्नुहोस्, बोटमा लामो समयसम्म फल राख्यो भने अर्को वर्ष कम फल्दछ, यो कुरालाई विचार गर्नुहोस् ।<br>● फल टिपिसकेपछि बोटको काँटछाँट गरी मल राख्ने समय हुन लाग्यो, अव गड्यौली मल, कम्पोष्ट मल अथवा पाकेको गोवर मलको व्यवस्था गर्न थाल्नुहोस्, काँटछाँटको लागि सेकेचर, प्रुनिंग स को प्रयोग गर्नुहोस् ।<br>● मल दिईसकेपछि सिञ्चाई गरी छापो हाल्नुहोस् ।<br>● सुन्तलाको नर्सरी राख्ने समय भयो, नर्सरी बनाउनुहोस् । |
| माघ | ● सानो र ठूलो दुवै उमेरका बोटमा रोग लागेका, किराले खाएका नचाहिदा हाँगाहरुलाई फेदबाट काटी हटाई दिनुहोस् ।<br>● बोटको आकारलाई अलि फराकिलो बनाउनको निम्ति मुल हाँगाको भागलाई काटेर हटाई दिनुहोस् ।<br>● बसन्त पालुवा आउनु भन्दा पहिले बोर्डोपेष्ट र बोर्डोमिश्रण छर्नुहोस् । |
| फाल्गुन | ● यो महिना सुन्तलाको फुल फुल्ने समय हो, यतिबेला बोटमा सिञ्चाई गर्न अति आवश्यक छ ।<br>● फूलमा आउने कीरा (Citrus flower chafer) लाई टिपेर मास्ने ।<br>● नयाँ पालुवाहरुलाई गवारो, पात खाने कीरा आदिको आक्रमणबाट जोगाउन विषादी छर्नुहोस् ।<br>● नर्सरीमा रहेका विरुवाहरुमा यतिवेला नयाँ हाँगा पलाउने बेला भयो, बाक्ला हाँगाहरु चिम्टी फाल्नुहोस् र कलमी विरुवा रुट स्टकबाट पलाएका हाँगा फाल्न नभुल्नुहोस् । |
| चैत्र | ● धेरै फुल फुलेका बोटको फुललाई छाटी दिनुपर्छ, बढी फुल र सुख्खाले गर्दा फुल र फल झर्ने हुन्छ ।<br>● बढी सुख्खायाम भएको कारणले पर्याप्त मात्रामा सिञ्चाई दिनुपर्दछ । |

# नेपाल भारत संयुक्त नागरिक मञ्च, समुदायस्तरको सम्बन्धमा थप उचाइ

✍ श्री सुबास देवकोटा
सहमति-TBR, प्रबन्ध तथा वित्त अधिकृत



नेपाल र भारत बीचको आपसी सम्बन्ध सयौंदेखि उतारचढावको बीच चल्दै आएको छ । रोटी र बेटीको सम्बन्ध रहेको नेपाल र भारतका धेरै समान किसिमको रहेको छ । नेपाल र भारतको सम्बन्ध मानवीय रुपमा मात्रै नभई प्राकृतिक समेत सम्बन्ध रहेको छ । खुल्ला सीमाना र नेपालको तराईका भेगका जनसमुदायको धेरै दैनिक जीवनयापनको समानता समेत रहेका छन् । नेपाल र भारतको सम्बन्ध सुधारका निम्ति धेरै संयुक्त वैठक, प्रभुत्व समूह वैठक, प्रधानमन्त्री, मन्त्रीस्तरको भ्रमण र अन्य धेरै वैठकले समेत महत्वपूर्ण भूमिका खेलेको विगतको इतिहास रहेको छ । नेपाल र भारतको द्विपक्षीय सम्बन्ध विशेष गरी निम्न कुराहरु रहेको छ ।

**(क) सामाजिक सम्बन्ध :**

नेपाल र भारत बीच वैवाहिक सम्बन्ध, नेपालको चेली भारत र भारतको चेली नेपालमा विवाह गरी आउने र जाने परम्परा धेरै पहिलेदेखि रहि आएको छ । सामाजिक सम्बन्धलाई अझ प्रगाढ र गाढा बनाउनको लागि यो परम्पराले धेरै नै सहयोग गर्दै आएको पाइन्छ । सामाजिक सम्बन्ध त्यस्तो सम्बन्ध हो जसले समाज र राष्ट्रकै निम्ति हितकारी मात्र नभई सामाजिक रहनसहन साटासाट गर्ने सुवर्ण मौका समेत जुटाउने गर्दछ ।

**(ख) आर्थिक सम्बन्ध :**

नेपालमा विकासको क्रम विस्तारै विस्तारै पाइला चाल्दै गरेको अवस्था र भारतले आधुनिक भारतको रुपमा आफूलाई विकसित देशको पङ्तिमा राख्दै गर्दा नेपाल भारतको ब्यापार सम्बन्ध निकै नै पुरानो र अनिवार्य प्राय जस्तै रहेको छ । यदि कुनै कारणवश आपसी सम्बन्धमा हलचल आउँदा नेपालमा विशेषगरी ठूलो आर्थिक संकटको अवस्था आउने कुरा अघिल्लो वर्षको अघोषित नाकावन्दीको प्रभावले नेपालीहरु जानकार नै रहेका छौं । त्यसैले नेपाल र भारतको आर्थिक सम्बन्ध विशेषगरी नेपालले आफूलाई सम्वृद्धि र समुन्नत राष्ट्रको परिकल्पना गरेर अगाडि जाँदै गर्दा नेपाल भारत आर्थिक सम्बन्ध मजवुत हुनु अति आवश्यक रहेको छ ।

**(ग) सांस्कृतिक सम्बन्ध :**

सांस्कृतिक सम्पदामा धनी राष्ट्र नेपाल र छिमेकी मित्रराष्ट्र भारत बीच पुरानो सांस्कृतिक सम्बन्ध रहेको छ । नेपालका विभिन्न किसिमको धर्मालम्वीहरु भारतको विभिन्न धार्मिक स्थल भ्रमण गर्नु र भारतीय धर्मालम्वीहरु नेपालका विभिन्न धार्मिक स्थल भ्रमण गरिनुले पनि आपसी सांस्कृतिक सम्बन्ध प्रगाढ रहेको कुरा प्रष्ट पार्दछ । अर्कोतर्फ भारतबाट नेपालमा बुहारी बनेर आएकी चेली र नेपालबाट भारत बुहारी बनेर गएकी चेलीहरुले पनि नेपाल भारत बीचको सांस्कृतिक परम्परा साटासाट, आदानप्रदान गर्न विशेष भूमिका खेलेको पाइन्छ ।

**(घ) भौगोलिक सम्बन्ध :**

भूगोलको हिसावले नेपालको वैदेशिक सीमानामध्ये अधिकांश सीमाना भारतसँग नै जोडिएको छ । नेपालबाट हिमश्रृखलाबाट बग्ने नदी अन्तत भारतमै जाने भएकोले पनि भौगोलिक रुपमा पनि सम्बन्ध रहेको छ । नेपालमा रहेका नदिनाला र यसले उत्पन्न गर्ने प्राकृतिक विपद् (बाढी, डुवान) को खतरा नेपाल सँगसँगै भारतीय क्षेत्रमा पनि धेरै नै रहेको छ । यसरी विभिन्न किसिमको सम्बन्ध नेपाल र भारत बीचमा भएता पनि नेपाल र भारत बीचको आपसी सम्बन्धमा चिसोपना आउनु कुरा भने कुनै नौलो विषय अव होइन, विभिन्न राजनैतिक फेरवदल र परिवर्तनका घटनाक्रमले आपसी समझदारी भएको देखिन्छ ।

यी र यस्तै तिता र मिठा सम्बन्धका बीच नेपाल र भारतको सम्बन्ध कुनै न कुनै रुपमा नङ र मासुको सम्बन्ध झै रही आएको कुरा भने नकार्न सकिदैन ।

नेपाल भारत सम्बन्धमा राम्रो प्रयासको रुपमा नारायणी (गण्डक) नदी वरपर क्षेत्रका समुदाय (नेपाल र भारत) दुवै क्षेत्रका मानिसहरुको एउटा संयुक्त मञ्च निर्माण गर्दा समुदायस्तरमा भएका आफ्ना सम्बन्धहरुलाई दुवै तर्फका नागरिक मञ्चका समुदायहरुले आ-आफ्नो सरोकारवाला क्षेत्रसँग राख्न सहज हुने र सामुहिक समस्यालाई समुदायस्तरबाटै समाधानको प्रयास निकाल्नको लागि सहमति गैंडाकोट र लुथरन वर्ल्ड रिलिफको संयुक्त साझेदारीमा सञ्चालित वाटर विन्डो नेपाल भारत सीमा उत्थानशील परियोजनाले विगत करिब ४ वर्षदेखि समुदायस्तरकै व्यक्तिहरुबाट गठित एउटा मञ्च नेपाल भारत सीमा नागरिक मञ्चलाई उनीहरुको संस्थागत विकासको लागि सहयोग गर्दै आएको छ । विशेषत यो नागरिक मञ्चले बाढी र यसको प्रभाव न्यूनिकरण गरी उत्थानशील समुदायको बाटोमा समुदायलाई लैजान केहि राम्रा र साना प्रयासहरु गरेको छ ।

- नेपाल भारत नारायणी नदी वरपर नवलपरासीको दक्षिणी भेगका समुदाय र भारत विहारको गण्डक नदी वरपर क्षेत्रका समुदायका व्यक्तिहरुको बीच मञ्च गठन गर्न सहयोग ।
- मञ्चको माषिक र नियमित वैठक बसी एकाआपसी समस्या पहिचान र छलफल गराउन सहयोग ।
- नागरिक मञ्चका सदस्यहरुको नेतृत्व विकासका लागि तालिम प्रदान गरी सहयोग ।
- नागरिक मञ्च अन्तर्गतको नेपाल तर्फका सदस्यबाट बाढीको पूर्व सूचना भारत तर्फका समुदायलाई सम्प्रेषण गरी सहयोग ।

**नागरिक मञ्चले गरेका राम्रा प्रयास :**

- सांस्कृतिक सम्बन्धमा साथै व्यक्तिगत (कुशलमंगल) सम्बन्ध विकसित हुँदै गएको ।
- नेपाल तर्फका मञ्चका सदस्यहरुले बाढीको पूर्व सूचना वेलैमा भारत तर्फका सदस्यलाई सम्प्रेषण गरेको
- दुवै देशका सदस्यहरुले आ-आफ्नो सरोकारवालाहरुलाई आफ्नो समस्या राख्न थालनी गरेको ।

**नागरिक मञ्चको लागि निम्न कुराहरु भएको खण्डमा अझ बढी प्रभावकारी हुने कुरा सदस्यहरुले बताएका छन् ।**

- समुदायस्तरमा अनौपचारिक रुपमा गठन भएकोले औपचारिक रुपमा मान्यता पाएका वैठक बस्न तथा समस्याहरु पहिचान गरी सम्बन्धीत क्षेत्रमा लैजान सजिलो हुने ।
- केहि क्षेत्र विशेषमा मात्र समुदायका मानिसहरु मञ्चमा सदस्य रहेकोले सबै क्षेत्र समेटिन सकेको खण्डमा बढी प्रभावकारी हुने ।
- मञ्च दिगो सञ्चलानका लागि कुनै कोष भएमा, भविष्यमा वैठक बस्न तथा अन्य कार्यक्रम गर्न सहयोग मिल्ने ।

*(बाँकी २१ औं पेजमा)*

# करोडको कारोबार गर्दै महिला सहकारी

✍ श्री ऋषिराम गिरी
सहमति-TBR, बरिष्ठ सामाजिक परिचालक

'दिव्य धाम' यी दुवै धार्मिक स्थल नवलपरासी (वर्दघाट सुस्ता पूर्व) को दक्षिणी भू-भागमा पर्ने विनयी त्रिवेणी गाउँपालिका वडा नं. ६ त्रिवेणीमा पर्दछ । नेपालको विभिन्न भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई हुँदै बग्ने नारायणी नदी र यी धार्मिक स्थलहरुले पनि प्रचलित रहेको छ त्रिवेणी त्यसैले गर्दा यहाँको सौन्दर्यता नियाल्न धार्मिक स्थलको अवलोकन भ्रमण गर्ने मान्छेहरुको भिड लाग्ने गर्दछ । यस क्षेत्रको समग्र विकास र परिवर्तन ल्याउन यस क्षेत्रमा रहेका सरकारी तथा गैर सरकारी संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको छ । त्यसमध्ये एक हो त्रिवेणी महिला बचत तथा ऋण सहकारी संस्था यसले यस क्षेत्रका महिलाहरुलाई संगठनात्मक हिसाबले एकजुट बनाई उनीहरुको आर्थिक, सामाजिक र साँस्कृतिक स्तरमा वृद्धि गराई उनीहरुको जीवनयापनमा सहज वातावरण सृजना गरिदिएको छ ।

यस संस्थाको कार्यक्षेत्र भित्रका महिलाहरुलाई एक जुट गराई महिलाहरुलाई पनि आर्थिक, सामाजिक हिसाबमा सशक्त बनाइ गुणस्तरीय जीवन यापनमा सहयोग तथा उनीहरुको आर्थिक, सामाजिक र साँस्कृतिक आंकाक्षा तथा चाहना परिपूर्ति गर्ने उद्देश्यले २०५९ साल आषाढ १८ गतेका दिन डिभिजन सहकारी कार्यालय परासीमा विधिवत् रुपमा दर्ता भई कार्य सञ्चालन गर्दै आएको छ । ६५ जना सदस्यहरुबाट मासिक रु. ३० बचत संकलन गरी शुरुवात गरेको र विस्तारै सदस्य वृद्धि गर्दै आएको बताउनु हुन्छ संस्थाकी अध्यक्ष तारादेवी अधिकारी । त्यो समयमा महिलाहरु घरबाट बाहिर निस्कनै गाह्रो थियो अझै संस्थामा समूहमा बस्ने कुरा नै थिएन । सदस्य वृद्धिका लागि घर दैलो गर्दा हाम्रा छोरीबेटीहरुलाई बिगार्न आएका, घरमा काम नभएर घुमिहिंडेका जस्ता आरोपहरु पनि सहनु परेको बताउनु हुन्छ । संस्था स्थापना भएको केही समयपछि संस्थाको नाममा जग्गा भए भवन बनाउन सहयोग गर्ने निकायहरुको बारेमा थाहा पाए पछि भवन बनाउने इच्छा जागी स्थानीयबाट जग्गा अनुदानमा प्राप्त गरी स्थानीय गै.स.स. बालबालिका तथा महिला विकास कार्यालयबाट अनुदान, घरघरबाट सहयोग संकलन र गाविस कार्यालयबाट रकम संकलन गरी सदस्य जनश्रमदानमा सानो भवन बनाउन सफल हुनुभयो । संस्था स्थापनाका लागि स्थानीय गै.स.स. ले सहयोग गरेको र संस्था स्थापना गरेको १ वा २ वर्ष पछि नै सहयोग गर्न छाडेपछि संस्थाका पदाधिकारी निकै चोट परेको थियो र संस्था सञ्चालन गर्न निकै गाह्रो भएको कुरा बताउनु हुन्छ । समय वित्दै गयो हामीले जे जानियो जे बुझियो त्यसरी नै संस्था सञ्चालन गर्‍यौं त्यसरी काम गर्दा धेरै अप्ठ्यारा परिस्थितिहरु पनि आई लाग्थ्यो । संस्था नै वन्द गरिदिए जस्तो तर सबै दुःख भोगेर पनि संस्था चलाउने निधो गरियो र जसो तसो सञ्चालन गर्दै गइयो र विस्तारै सिकिदै पनि गइयो । यसरी सुख-दुःख अगाडि बढ्दै थियो सोही क्रममा सन् २०१५ मा सहमति संस्था र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा नेपाल भारत सिमा बाढी उत्पादनशिल परियोजनाले यस क्षेत्रमा काम गरेको र उक्त सहमति संस्थाले सहकारी संस्थाहरुको संस्थागत क्षमता वृद्धिका लागि काम सहयोग गर्छ भन्ने थाहा पाए पछि गाविसको सिफारिसमा यस सहकारी संस्थालाई सहयोग गर्न अनुरोधको निवेदन सहमति फिल्ड अफिस रानी नगरमा पेश गरेको र फलस्वरुप सहमति संस्थाले सहयोग गर्न थालेको बताउनुहुन्छ संस्थाकी व्यवस्थापक रम्भासिंह ठकुरी त्यस पश्चात् सहमति संस्थाले सहकारीलाई संस्थागत क्षमता विकासका लागि परियोजनाले संचालन गरेका सहकारी सम्बन्धी तालिम, गोष्ठी, प्राविधिक सहयोग विभिन्न किसिमका छलफल तथा अवलोकन भ्रमणले गर्दा सहकारीमा सदस्य वृद्धि सँगै कारोबारमा पनि तुलनात्मक रुपमा वृद्धि भएको छ । सहमति संस्थाबाट प्राप्त गरिएको सेफवक्स, कम्प्युटर सेट जस्ता भौतिक सम्पत्तिले गर्दा संस्थामा रहेका महत्वपूर्ण कागजात तथा नगद सुरक्षित राख्न सकिएको र २०७३ कार्तिकमा सहकारी ....... हुँदा त्यही सेफवकस्ले गर्दा सहकारीको नगद रु. ५१,५००।- र महत्वपूर्ण खातापाता बचाउन सफल भएको बताउनु हुन्छ । परियोजना शुरु हुन भन्दा पहिले र परियोजनाको सहयोग पछिको सहकारीको तालिका विवरण:



| क्र. सं. | विवरण | परियोजना शुरु हुनु पूर्व | परियोजनाको सहयोग पश्चात हाल |
|---|---|---|---|
| १ | सदस्य | ३५० | ५०५ |
| २ | शेयर पुँजी | ४,०८,०००।- | १९,१०,८००।- |
| ३ | कोष हिसाब | २५,०८,०७०।- | ४६,४२,१६९।- |
| ४ | बचतका प्रकार | २ प्रकार | ६ प्रकार |
| ५ | बचत रकम | ५९,२७,८४३।- | १,५२,१०,९०२।- |
| ६ | लगानीमा रहेको ऋण | ८४,१२,५००।- | २,२७,३३,०००।- |
| ७ | ऋणको सिमा | १,००,०००।- | ३,००,०००।- |
| ८ | आम्दानी | ९,८१,४५८।- | २६,५१,६०५।- |
| ९ | खर्च | ४,२७,७३६ | ८,८५,१७८।- |
| १० | कुल कारोबार | ९१,३९,७२३।- | २,४७,०१,२६१।- |

माथिको तालिकाबाट प्रष्ट हुन सकिन्छ संस्थामा सबैजना मिलेर संस्थालाई नीति र विधिको शासनबाट सञ्चालन गर्ने र सदस्यहरुको विश्वास जित्न सकेमा दिनमा दुई गुणा रातमा चौगुणा भने जस्तै संस्थाको कारोबार वृद्धि गर्न सकिने रहेछ । पहिले सदस्यहरुलाई मासिक रु. १००।- बचत गर्न धेरै करकाप लगाउनुपर्ने हुन्थ्यो भने अहिले सदस्यहरु मासिक ५०००।- सम्म विना संकोच बचत गर्दै आएका छन् । सहकारीले यस क्षेत्रका महिलाहरुलाई संगठनात्मक रुपमा मजबुद बनाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा रोजगारको सृजना गरी स्वालम्बी तथा आत्मनिर्भर बनाई समुदाय र राष्ट्रकै आर्थिक विकासमा टेवा पुऱ्याउने काममा महत्वपूर्ण भूमिका खेलेको छ । महिलाहरुले कुनै व्यवसाय सञ्चालन गर्नुपरेमा पुरुषहरुकै मुख ताक्नु पर्ने तथा साहुमहाजनहरुको चर्को व्याजमा ठगिनु पर्ने हुन्थ्यो तर आज सहकारीले गर्दा त्यो कुराको अन्त्य भएको छ । संस्थाले सदस्यले गर्न चाहेको व्यापार, व्यवसाय, कृषि वा पशुपालन क्षेत्रको उद्देश्य हेरी रु. ३,००,०००।- सम्म वार्षिक १४% व्याजदर मा ऋण लगानी गरेको छ । संस्थाले अन्य संघ/संस्थासँग सम्पर्क समन्वय गरेर त कहिले आफ्नै कोष परिचालन गरी आफ्ना सदस्यहरुलाई सहकारी शिक्षा शिविर, विभिन्न सीपमूलक

तालिम, सञ्चालक समितिलाई सहकारी व्यवस्थापन तालिम सञ्चालन गर्दै आएको छ । संस्थामा सञ्चालक समिति, कर्मचारीहरुले गरेको मेहनत र सहमति संस्था र लुथरन वर्ल्ड रिलिफले गरेको सहयोगले गर्दा संस्थामा यो परिवर्तन भएको कुरा खुसी हुँदै सुनाउनु भयो संस्थाकी अध्यक्ष तारादेवी अधिकारी ।

अन्त्यमा सहकारी संस्थाको संस्थागत क्षमता विकासका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सहकारी तथा गैर सरकारी संघ/संस्थाहरु प्रति धन्यवाद दिन चाहन्छु । विशेष गरी संस्थाको अभिभावकको रुपमा रही मार्ग निर्देशन गरिरहेको सहमति संस्था र लुथरन वर्ल्ड रिलिफ प्रति आभार प्रकट गर्दछु । आगामी दिनमा संस्थामा सफ्टवेयर जडान गरी कारोबारलाई व्यवस्थित गराउने, कार्यक्षेत्र भित्रका सम्पूर्ण सञ्चालन गरी व्यवसायिक बनाउने, सञ्चालक समिति वा अन्य उप-समितिका पदाधिकारी र कर्मचारीहरुको नेतृत्व क्षमता विकास गराई यस क्षेत्रकै एउटा नमूना महिला सहकारी बनाउने लक्ष्य राखेको बताउनु भयो ।

## प्राङ्गारिक खेती अहिलेको आवश्यकता

✍ श्री लक्ष्मी भण्डारी
सहमति-TBR, सामाजिक परिचालक



हाम्रो देश नेपाललाई कृषि प्रधान देश भन्ने गरिन्छ । नेपालमा ६२ प्रतिशत कृषिमा आश्रित परिवार संख्या छ भने करिब २७ लाख हेक्टर क्षेत्रफल खेती योग्य छ ।

त्यसै गरी आजको माग भनेको शुद्ध र स्वास्थ्य खानाको हो । वर्तमान तथा भावी सन्ततिको लागि आवश्यक पर्ने स्वस्थ खाना र स्वस्थ वातावरण व्यवस्थापन तथा संरक्षणका लागि सावधानी तथा उत्तरदायी पूर्वक प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न र गराउने प्राङ्गारिक खेतीको आवश्यकता पर्दछ । आजको युगमा रसायनिक कृषि उत्पादन सामाग्रीको प्रयोगले कृषि प्रणाली, पर्यावरणीय स्थिति लगायत मानव जनस्वास्थ्यमा नकरात्मक असर पारेको छ ।

हाम्रो देश नेपालमा प्राङ्गारिक खेतीको महत्त्वपूर्ण भूमिका पक्ष भनेको देशमा कुनै मलको कारखाना उद्योगको कमी भएको कारण प्राङ्गारिक खेतीको महत्त्वपूर्ण व्यापक छ । आयातित रासायनिक मलको प्रयोग कृषिमा ल्याउनु परेको छ । प्राङ्गारिक खेतीको केही महत्त्वपूर्ण भूमिकाहरु यस प्रकार छन् :

- प्राङ्गारिक खेतीले पर्यावरणीय पद्धतिको गुणस्तर बढाउँछ ।
- विभिन्न स्रोत तथा साधनहरुलाई सदुपयोग समन्वयमा मद्दत
- जब माटोलाई दिगो रुपमा स्वस्थ बनाइन्छ तब माटोले पनि दिगो रुपमा स्वस्थ उत्पादन दिन्छ, जसले गर्दा स्वस्थ उत्पादनलाई खाँदा दिगो रुपमा शरीर स्वस्थ बन्दछ । तसर्थ स्वस्थ जीवन बिताउनको लागि प्राङ्गारिक खेतीको आवश्यकता पर्दछ ।
- वर्तमान तथा भावी सन्ततिको स्वस्थ वातावरणको संरक्षणका लागि प्राकृतिक स्रोतको व्यवस्थापन गर्दछ भन्ने कुरालाई प्राङ्गारिक खेतीले सिकाउँदछ ।
- आजको रसायनिक कृषि पद्धतिले मानव स्वास्थ्यमा क्यान्सर, अपाङ्गता, अल्सर, खानामा अरुची, अन्धोपन, वान्ता, आदि समस्याहरु निम्त्याएको छ ।

वास्तवमा दिगो कृषि विकास गराउने, आयात घटाउने, निर्यात बढाउने, स्थानीय स्रोत र साधनको प्रयोग गराउने आदि कामको लागि पनि प्राङगारिक खेतीको आवश्यक पर्दछ ।

## सुस्ताको सफलताको कथा

✍ श्री मनसीकुमार हरिजन
सहमति-TBR, सामाजिक परिचालक



त्रिवेणी सुस्ता गा.वि.स. वडा नं. ४ सुस्ता गाउँ गा.वि.स. को कार्यालयदेखि २० किलोमिटरको दुरीमा नारायणी नदीको किनारमा २६३ घरधुरी बसोबास छ, यस सुस्ता क्षेत्रमा वर्षेनी वर्षाको समयमा नदीको बाढीले यस सुस्ताको जमिन कटान कृषिबालीको क्षती मानिसलगायत जीवजन्तु, पशु चौपायाहरुलाई बगाई लगेको पनि छ । करिब ३००० (तीन हजार) विघा जमिन (खेत) मा बाढीको पानीले धेरै क्षति पुऱ्याउँछ । साल २०७२ असार १३ गतेका दिन त्यहाँका मानिसहरुले बाढीबाट बाँच्नको लागि विभिन्न किसिमका तालिम, बाढीपूर्व सूचना तालिम खोज तथा उद्धार प्राथमिक उपचार तालिम र विपद् व्यवस्थापन सम्बन्धी तालिम, यसै जिल्ला नवलपरासीमा सहमति गैंडाकोट नामक संस्था र सो को साझेदार संस्था लुथरन वर्ल्ड रिलिफद्वारा सञ्चालित नेपाल भारत सिमा बाढी उत्थानशिल परियोजनाबाट तालिम प्राप्त गरी बाढीको सामना गर्ने र आपत विपद्बाट बच्नको लागि मजबुत भएको छ । बाढी पूर्व सूचना लिने दिने बानीको विकास भएको छ । बाढी पूर्व सूचना प्राप्त गरी आफ्नो गाउँको बासिन्दा, वृद्ध-वृद्धा, बालबालिका, अपाङ्ग, गर्भवती महिला, सुत्केरी महिला, दलित, गरिब, विपन्नहरुलाई बाढीबाट बचाएका छन् । बाढीबाट भएको प्रभावलाई मूल्याङ्कन गरी सबै संगठीत भएका छन्, किनकी आगामी साल बाढीले दोहोऱ्याउन सक्छ भनेर यी सुस्ता बासीहरुले आ-आफ्नो र आफ्नो गाउँको व्यक्तिहरुलाई सुरक्षित राख्नको लागि प्रत्येक महिना बैठक बस्ने गर्छन् । साथै उनीहरुले बैठकबाट विपद् व्यवस्थापन सम्बन्धी छलफल गरी राम्रा-राम्रा कुरा सिकाई पनि भएको देखिएको छ । अब यी सुस्ताका बासीन्दाहरुले आगामी वर्षा र बाढीबाट र पछिल्लो बाढी कस्तो चुनौती रह्यो भन्ने विषयमा छलफल गर्छन् । अहिले आएर यस सुस्ताका बासीन्दाहरुले विपद्, प्रकोपलाई छरछिमेक, गाउँटोल लगायत प्रहरी चौकी, सशस्त्र प्रहरी बल नेपाल, गा.वि.स. कार्यालय, इलाका प्रहरी, नेपाली सेना, स्थानीय एफ.एम. रेडियो, जिल्ला प्रशासन कार्यालय लगायत विहार भारतको गाउँ समुदायमा जल तथा मौसम विज्ञान विभाग, जल मापन केन्द्र देवघाटसम्म र अन्य समुदाय सम्मका सर्वसाधारणलाई बाढी पूर्व सूचनाको बारेमा धेरै भन्दा धेरै जानकारीका साथ अन्तर सिमा नागरिक मञ्चको पदाधिकारीहरु समेत सूचनाका प्रवाह गर्ने गरेका छन् । आफ्नो समुदायलाई बाढी प्रभावित तथा लक्षित परिवारलाई तत्काल राहतको लागि अन्न भण्डार गरेका छन् र आपत विपद्मा तत्काल राहतको लागि आकासिम्क कोषको

*(बाँकी २१ औं पेजमा)*

# व्यवसायिक केरा खेतीबाट आफू कमाउँदै अरूलाई पनि सिकाउँदै-जयन्त्री केवट

✍ श्री लक्ष्मी भण्डारी
सहमति-TBR, सामाजिक परिचालक

नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पश्चिममा स्थित प्रतापपुर गाउँपालिका वार्ड नं. ६ गुठीप्रसौनी, मोतीपुर टोलमा बस्ने ४३ वर्षको श्री जयन्त्री केवट र शिला केवटको ७ छोरी १ छोरा सहित १० जनाको परिवार हो । उहाँको शैक्षिक योग्यता १० पास हो । विगत २०५४ सालतिर प्रहरी नोकरीमा आबद्ध हुनु भएको र वि.सं. २०६० सालको द्वन्द्वकालिन समयमा नोकरी छाड्नुपऱ्यो । त्यसपश्चात विभिन्न समूह तथा क्लवहरु गठन गरी अध्यक्षको पद निर्वाह गर्नुभयो । त्यसै गरी २०६१ सालतिर कृषि पेशालाई प्राथमिकता दिई अगाडि बढ्नुभयो र करिब १० कठ्ठामा व्यवसायिक तरकारी खेती गरी वार्षिक एक देखि डेढ लाख आम्दानी लिनुभयो । विदितै १० वर्षको अन्तरालमा व्यवसायिक तरकारी खेती गरी जीविकोपार्जन गर्नुभएको र वि.सं. २०७१ सालमा केरा खेतीमा प्रेरित भई ३ कठ्ठाबाट सुरुवातको पाइला चाल्नु भयो ।



त्यसमा पनि १,२७,०००।- आम्दानी लिएपछि झन् उहाँलाई केरा खेतीमा उत्साहित हुनुभयो ।

त्यसै क्रममा व्यवसायिक केरा खेतीको लागि धेरै मिहेनत र परिश्रम गरेर केरा खेतीमा लागि पर्नुभयो । वि.सं. २०७३ साउन महिनामा सहमति गैंडाकोट र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित नेपाल भारत सीमा बाढी उत्थानशील समुदाय परियोजनाद्वारा १५०० रिसु G.9 जातको केराको बिरुवा सहयोग पाउनुभयो । २०७३ सालमा लगाएको दुई बिगाहामा र १० कठ्ठामा केरा बिरुवा त्यसको ठीक १ वर्ष २०७४ सालमा पहिलो फलबाट उहाँले करिब ९,००,०००।- आम्दानी गर्नुभयो र त्यस वर्षको साउन महिनाको बाढीले करिब एक बिगाहा ६ कठ्ठा क्षति नोक्सान भएको हो जसले गर्दा रु. ८,००,०००।- को घाटा व्यहोर्नु परेको बताउनुहुन्छ । उहाँको भनाइ छ - "म आज एक अगुवा कृषकको अथवा व्यवसायिक केरा खेती नमुना कृषकको रुपमा प्रचलित भएकोमा ठूलो सहयोग र साथ सहमति र लुथरन वर्ल्ड रिलिफ तथा WWTBR परियोजनाले यहाँ सम्मको साथ र सम्मान दिएकोमा आफूलाई गर्व तथा भाग्यशाली लाग्छ । विगतमा कृषिमा अथवा खेती किसानीमा धेरै समस्या तथा परम्परागत खेती गर्दै आएका थिए जब सहमति र L.W.R. को सहयोग र साथमा ७ बिगाहामा अहिले केरो खेती गरेको छु । त्यहाँबाट प्राविधिक ज्ञान लगायत उन्नत जातको तरकारीको बीउ उपलब्ध भएको छ । बेलाबेलामा प्राविधिक पाएको सुझाव र ज्ञानबाट कृषि खेतीमा फड्को मारेको छु । त्यसैगरी केराको बोटको खाली विच जग्गामा दुरी कायम गरी करिब १० कठ्ठा भिन्डी, १ बिगाहा १६ कठ्ठा बदाम र १० कठ्ठा खुर्सानी गरी केरामा मिश्रित तरकारी बाली लगाएको छु ।



२०७४ साल साउन महिनाको बाढीले केरा खेती क्षति नोक्सान पश्चात् अहिले करिब २ बिगाहा केरा खेती बिमा गरेको हुँ र आफू पनि एक बिमा अभिकर्ता भई आफ्नो जनसमुदायको निर्जीवन बिमा गराएको छु । आज मेरो खेती बारीमै किसानहरु केरा खेती तथा तरकारी खेती बारे प्राविधिक सल्लाह सुझाव लिन आउनु हुन्छ । आजका दिनसम्म आइपुग्दा म र मेरो परिवारमा व्यापक परिवर्तन आएको कुरा वहाँ आफैं बताउनुहुन्छ ।

जयन्त्री एक नमुना कृषकको रुपमा केरा खेतीमा अग्रसर हुनुहुन्छ । अहिले उहाँ एक बिमा अभिकर्ताको रुपमा पनि प्रचलित तथा सक्रिय अभिकर्ता हुनुहुन्छ र आफ्नो खेतीको बिमा गरी ढुक्कको साथ जीवन बिताएको पाइन्छ । अहिले उहाँले करिब ५ कठ्ठामा मेवा खेती गर्ने कार्ययोजना बनाउनु भएको छ ।

## सुस्ताको सफलताको ........................

व्यवस्था पनि गरेका छन् । बाढीमा आश्रय लिनका लागि ५०० महिला, पुरुष आश्रय लिने क्षमता भएको आश्रय स्थल निर्माण गरेका छन्, बाढी पूर्व तयारीका लागि जग उँचा गरेर घर बनाउने, भखारीको अनाज सुरक्षित राख्नका लागि भखारी उँचा गरेर बनाएको छ । पूर्व सूचना प्रणालिको स्थापना, जीवनरक्षा सामग्रीको व्यवस्था, साथै प्रत्येक वर्ष गाउँ भेला बसी विपद् जोखिम न्यूनिकरण तथा विपद् पूर्व तयारी योजनाको पनि निर्माण गरेका छन् । अब क्षति न्यूनिकरण गर्नका लागि पशु विमा, कृषि विमा र डुवान तथा सुखा ठाउँमा हुने उन्नत जातको धानको विउ विजन प्रयोग गर्ने गरेका छन् । साथै जीविकोपार्नको लागि व्यवसायिक तरकारी खेती गर्ने गरेका छन् र आफ्नो समस्या समाधानको लागि स्थानीय सरकारी निकाय र संघ/संस्थासँग सम्पर्क समन्वय गरेर समस्या समाधान गर्ने क्षमता भएको छ । हाल सुस्ता, नेपाल सरकारको संरचना फेर बदल भएको हुनाले साविक त्रिवेणी सुस्ता गा.वि.स.को वडा नं. ४ सुस्ता हाल सुस्ता गाउँपालिकाको वडा नं. ५ पकलिहवामा समावेस गराएको छ । प्रदेश नं. ५, बर्दघाट सुस्ता पश्चिम ।

## नेपाल भारत..................

- संयुक्त नागरिक मञ्चलाई बेलाबेलामा नेतृत्व विकास तालिमका साथसाथै अन्य प्रभावकारी छलफल हुन सकेको खण्डमा समुदायस्तरको समस्या पहिचान गरी समाधान गर्न, गराउन, सहयोग मिल्ने ।

अन्तमा, लुथरन वर्ल्ड रिलिफ र सहमतिको साझेदारीमा सञ्चालित वाटर विन्डो नेपाल भारत उत्थानशील परियोजनाको यो सानो प्रयासले द्विपक्षीय आपसी सम्बन्ध, सांस्कृतिक सद्भाव बढाउनुका साथै पूर्व सूचनाको प्रणालीलाई व्यवस्थित गर्न र नेपाल भारत सन्धि सम्झौता अनुसार समुदायस्तरमा हुने निर्माण र मर्मत कार्यमा धेरै ठूलो मद्दत मिलेको पाईएको छ । यो कार्यले पूर्ण रुपमा सामाजिक, सांस्कृतिक सद्भाव बढाई नेपाल भारत सम्बन्धलाई अझ अघि थप उचाईमा पुऱ्याउन सहयोग मिलेको छ । यो सानो प्रयास भएता पनि नेपाल र भारत पक्षको समुदायमा भएको एउटा सफल तथा उदाहरणीय प्रयासको रुपमा रहेको छ ।

# तथ्याङ्कमा सहमति

| क. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको स्थानिय निकायहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| ३ | वाटर विन्डो नेपाल भारत सीमा उत्थानशिल समुदाय परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | विनय त्रिवेणी गाउँपालिका, सुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका | ५२९३ | २४५० | १५३१३ | १२८६३ | ३०६२६ | १४९४२ | १५६८४ | १ | ५ |
| ४ | स्वावलम्बि समूह तथा सहकारीको क्षमता अभिवृद्दि कार्यक्रम | प्लान इन्टरनेशनल नेपाल | बर्दिया | बडैया ताल गाँउपालिका, बाँसगढी नगरपालिका, बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, गुलरिया नगरपालिका, मधुवन नगरपालिका, राजापुर नगरपालिका, गेरुवा नगरपालिका | १८६५९ | १८४४ | १५९७५ | २४८२ | २०३०१ | २०३०१ | - | २ | ६ |
| | अमिलो जातका फलफूलहरुको बजार विकास कार्यक्रम-IV | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी, तनहुँ, गोर्खा | नवलपरासी-बौदीकाली, बुलिङ्गटार गाउँपालिका<br>तनहुँ-आवुखैरेनी, बन्दीपुर, रिसिंग र देवघाट गाउँपालिका<br>गोरखा-सहिद लखन गाउँपालिका, गोरखा नगरपालिका र पालुङ्गटार नगरपालिक | २१५१ | प्रत्यक्ष : १११, अप्रत्यक्ष: ५३३ जनसंख्या (१११*४.८) नोट: ४.८ refers to Family size of CMDP working area | प्रत्यक्ष: १९६३, अप्रत्यक्ष: ९४२२ (१९६३*४.८) | प्रत्यक्ष: ७७, अप्रत्यक्ष: ३७० (७७*४.८) | प्रत्यक्ष: २१५१ अप्रत्यक्ष: १०३२५ | प्रत्यक्ष: महिला: ९२२, पुरुष : १२२९ | २९७ | ४ | ३ |
| | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर | चितवन | भरतपुर महानगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका, माडी नगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका, इच्छाकामना गाउँपालिका | २०० जना नयाँ लघुउद्यमी सिर्जना र २०० जना विगत तिन बर्षमा सृजना भएका लघु उद्यमीहरुको स्तरोन्नती गर्ने । | | | | | | | ८ | २ |
| | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | उद्योग विकास शाखा | नवलपरासी | देवचुली नगरपालिका, बुङ्दीकाली गाउँपालिका, प्रतापपुर गाउँपालिका, पाल्हिनन्दन गाउँपालिका | २०० जना नयाँ लघुउद्यमी सिर्जना र ३१७ जना विगत बर्षमा सृजना भएका लघु उद्यमीहरुको स्तरोन्नती गर्ने । | | | | | | | ९ | १ |
| ८ | केन्द्रिय कार्यालय | आन्तरिक | नवलपरासी | | | | | | | | | २ | ७ |

# कार्यक्रमका मूख्य उपलब्धिहरू

## १. स्वावलम्बि समूह तथा सहकारीको क्षमता अभिवृद्दि कार्यक्रम

सहमति र प्लान नेपालको साझेदारीमा जुन २०१७ देखि सेप्टेम्बर २०१८ सम्मका लागि बर्दिया जिल्लामा कार्यक्षेत्रमा अवस्थित २९ वटा महिला कृषि सहकारीहरु र त्यस अन्तर्गतका ५५३ समूह तथा १००३३ सदस्यहरु रहेको सहकारीहरुलाई आफ्नो कार्यक्षेत्र बनाउदै यो कार्यक्रम सञ्चालन भईरहेको छ । सहकारी अभ्यासमा रहेकाले आधारभूत अवधारणा बुझाउने, आन्तरिक आर्थिक सवलीकरण गर्ने, व्यवस्थापन क्षमता वृद्दि गर्ने, सहकारीका लागि आवश्यक नितिहरु निर्माण गर्ने, शुसाशन स्थापना गर्ने र सहकारीहरुको दिगोपनाका आधारहरु स्थापना गर्ने यो कार्यक्रमको उद्देश्य रहेको छ ।

**मुख्य उपलव्धीहरु :**

- २९ वटा महिला कृषि सहकारी संस्थामा शेयर सदस्य, शेयरपूँजी, वचत रकम र ऋण लगानिमा उल्लेखनिय रुपमा बृद्धि भएको ।
- सहकारीलाई समूदायले एउटा अभियानको रुपमा अगाडि बढाउँदै लगेको ।
- सहकारी मापदण्ड बमोजिम लेखा व्यवस्थापनमा उल्लेखनीय रुपमा सुधार भएको ।
- ८ वटा सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंकमा ऋण माग गरेको र राष्ट्र बैंकवाट निरीक्षण कार्य सम्पन्न ।
- २० वटा सहकारी संस्थाहरुमा काउन्टर सहयोग ।
- ६ वटा सहकारी संस्थामा कम्प्यूटर सहयोग ।
- ५४ वटा समूह व्यवस्थापन तालिममा ९३६ जनाको सहभागिता ।
- २९ वटा समूह प्रतिनिधि भेलामा १४३७ जना सहभागि भएको ।
- २९ वटा महिलाको सवालमा पुरुषको सहभागिता कार्यक्रममा ७६४ जनाको सहभागिता ।
- ३ वटा सहकारीको लेखा प्रविष्टि तालिममा १०० जनाको सहभागिता ।
- ८ वटा समिति र व्यवस्थापकहरुको लागि आयोजित तालिममा १५७ जनाको सहभागिता ।
- २ वटा सहकारी व्यवस्थापन तालिममा ७० जनाको सहभागिता रहेको ।
- ४३ जना सहकारी अध्ययन अवलोकन भ्रमणमा सहभागिता ।
- १४ वटा युवा महिला सञ्जालको वार्षिक कार्य योजना तयार ।
- ६ वटा उद्यमशिलता विकास तालिममा १९८ जनाको सहभागिता रहेको ।

संख्यात्मक उपलब्धिहरु :

| क्र.स | विवरण | कार्यक्रम शुरु हुँदाको अवस्था | जुन २०१८ सम्मको उपलब्धी | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| ०१ | समूह संख्या | ५५३ | १०७१ वटा | ९३.६७ |
| ०२ | शेयर सदस्य संख्या | १००३३ | २०३०१ | १०२.३४ |
| ०३ | शेयर पूँजि | ९३,५९,००० | २,०२,४७,००० | ११६.३४ |
| ०४ | बचत रकम | ३,०१,०८,००० | ८,०२,४४,००० | १६६.५२ |
| ०५ | ऋण लगानि रकम | ४,०३,४९,००० | १०,२९,९३,००० | १५५.२६ |
| ०६ | ऋणी संख्या | ४७०७ | ७४०४ | ५७.३० |

## २. वाटर विन्डो नेपाल-भारत सिमा उत्थानशिल परियोजना

नवलपरासी जिल्लाको दक्षिणी भेगका बाढी प्रभावित ९ वटा साविक गाविस (त्रिवेणी सुस्ता, रुपौलिया, भुजहवा, सोमनी, गुठी प्रसौंनी, पक्लिहवा, नर्सही, कुडिया र प्रतापपुर) लाई लक्षित गरी सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा नेपाल भारत सीमा उत्थानशील परियोजना सञ्चालनमा छ । वर्षेनी नारायणी नदीले पुऱ्याउँदै आएको मानवीय तथा भौतिक क्षति न्यूनिकरणका लागि तथा संकटासन्नता क्षेत्रमा बसोबास गर्ने समुदायको संकटाभिमुखता न्यून गर्नु तथा सिमान्तकृत समुदायको क्षमता अभिवृद्धि गरी बाढीको सामना गरी जीवन रक्षा गर्न सक्ने, आवश्यकता अनुसार तुरुन्तै प्रतिकार्य गर्न सक्ने बनाउनु नै यो परियोजनाको मूख्य लक्ष रहेको छ ।

- समुदायका गाविसहरुमा जोखिम न्यूनिकरण ज्ञान र विपदमा सामना गर्ने क्षमता वृद्धि ।
- पूर्व सूचना प्रणाली स्थापना भई संस्थागत भएका छन् ।
- बाढी प्रभावित क्षेत्रको समुदायमा जिविकोपार्जनका स्रोतमा पहुँच वृद्धि ।
- समुदायको वित्तिय सेवामा पहुँच ।
- विमा सम्बन्धी ज्ञानमा अभिवृद्धि भएको ।

### विपद्को क्षेत्र :

- ❖ जिल्लाको अगुवा सहयोगी निकाय (DLSA) भएकोले दुवै जिल्लामा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५ पुनरावलोनकर्ता तथा परिमार्जन साथै मनसुन र आगो सम्वन्धि आपत्कालिन योजना तयार ।
- ❖ १० ओटा स्थानीय विपद् व्यवस्थापन समिति साथै १ ओटा नेपाल भारत सयुक्त नागरिक मञ्च गठन । साथै विपद् न्यूनिकरण तथा व्यवस्थापन सम्वन्धि तालिम । आकस्मिक कोष तथा उक्त कोषलाई परिचालन गर्ने निर्देशिका । समितिको नियमित मासिक वैठक । उक्त समितिमा तिन ओटा कार्यदल प्राथमिक उपचार, खोज तथा उद्धार र पूर्व सूचना कार्यदल रहेको साथै आपसमा समन्वय र सहकार्य भएको । वाढी पूर्व सूचनाका लागि समुदायले जल तथा मौसम विभागको वेव साइड www.hydrology.gov.np खोज्ने र केन्द्रको Free number 1155 सम्पर्क गर्ने गरेको साथै जलमापन केन्द्र, देवघाटको वाढीको वेला मो.नं ९८४५६९५६५६ सम्पर्क गर्ने गरेको ।
- ❖ वाढी सम्वन्धी कृत्रिम अभ्यास साथै विपद्को वेला प्रतिकार्य गरेको पाइयो ।
- ❖ स्थानीय विपद् व्यवस्थापन समितिमा जीवन सुरक्षा सामाग्रीको उचित व्यवस्थापन ।

### जीविकोपार्जन क्षेत्र :

- ❖ नेपाल सरकारले सिफारिस गरेको जातका धानको र तरकारीको विऊ वितरण तथा प्रर्दशन ।
- ❖ आधुनिक खेति सम्वन्धी तालिम मार्फत किसानको स्तर उन्नति ।
- ❖ वाढीका कारण वालिमा हुने जोखिम न्यूनिकरण गर्नका लागि किसानहरुलाई विमा गर्न सहजीकरण तथा सहकारी मार्फत सहुलियत ।
- ❖ गैर कृषि उद्यमशिलता विकासका लागि विभिन्न तालिम संचालन । जस्तै च्याउ खेती , सिलाई कटाई आदि ।
- ❖ केरा खेती सम्वन्धी तालिम तथा विरुवा सहयोग ।

### पैरवीका क्षेत्रहरु

- ❖ स्थानीय विपद् व्यवस्थापन समिति वडा र गा.पा स्तरमा गठन गरी सक्रिय वनाउन सहजिकरण गरिएको साथै विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन निर्देशिका २०७४ सम्वन्धी अभिमुखीकरण ।
- ❖ विमा कार्यक्रमलाई निरन्तरता दिन साथै आपत्कालीन कोषका लागि गा.पा स्तरवाट वजेट छुट्याइएको ।
- ❖ कुनै पनि समुदायको विकासको लागि सहकारीको भूमिका अहम हुने भएकोले स्थानीय समुदायलाई सहकारीमा वढीभन्दा वढी सङ्ख्यामा आवद्ध हुन टेवा पुऱ्याइएको ।

## ३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, चितवन

लघु उद्यमको विकास र प्रबर्द्धन गरी गरिबी निवारणमा सहयोग पुर्‍याउनका लागि लघुउद्यम विकास कार्यक्रमको सफल कार्यान्वयनको ढाँचालाई अनुशरण गरी नेपाल सरकारले स्वीकृत गरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन निर्देशिका २०७० (दोस्रो संसोधन सहित) बमोजिम चितवन जिल्लाको भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिक, कालिका नगरपालिका, खैरहनी नगरपालिका, राप्ति नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा महिला ७०%, दलीत ३०%, जनजाती ४०% र युवा

६०% रहने गरी कूल २०० जना नयाँ लघुउद्यम सिर्जना र २०० जना विगत तिन बर्षमा सृजना भएका लघु उद्यमीहरुको स्तरोन्नती गर्नका निम्ति घरेलु तथा साना उद्योग कार्यालय, चितवन र सहमति गैडाकोट ५ नवलपरासी बीच मिति: २०७४/९/११ मा भएको सम्झौता बमोजिम सहमतिले आृनो शाखा कार्यालय चितवनबाट सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भएको छ ।

### प्रविधि (नियमिततर्फ)

- घरेलु तथा साना उद्योग कार्यालय, चितवनबाट हस्तान्तरण गरिएको प्रविधिहरु :

| क्र.सं. | औजारको नाम | ठेगाना | परिमाण | उद्यमी संख्या | व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| १ | सिलाई मेशिन (पाईदान सहित) | इच्छाकामना | ११ | ११ | सिलाई कटाई व्यवसायी |
| २ | सिलाई मेशिन (पाईदान सहित) | रत्ननगर | ३ | ९ | सिलाई कटाई व्यवसायी |
| ३ | सिलाई मेशिन (पाईदान सहित) | राप्ती | १० | १० | सिलाई कटाई व्यवसायी |

उक्त प्रविधि ८०% घरेलुको र २०% उद्यमीको लागत साझेदारीमा हस्तान्तरण गरिएको थियो ।

- सहमति शाखा कार्यालय, चितवनबाट हस्तान्तरण गरिएको प्रविधिहरु :

| क्र.सं. | औजारको नाम | ठेगाना | परिमाण | उद्यमी संख्या | व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| १ | सिलाई मेशिन (पाईदान सहित) | माडी | ३ | १४ | सिलाई कटाई व्यवसायी |
| २ | कैंची | माडी | १४ | १४ | सिलाई कटाई व्यवसायी |
| ३ | स्कूल झोला सिलाउने मेशिन | माडी | २ | ८ | झोला बनाउने व्यवसायी |
| ४ | ढाका उद्यमीलाई तान | जगतपुर | ५ | १० | ढाका बुनाई व्यवसायी |
| ५ | जुत्ता फर्मा | गंगानगर | ६ | १२ | जुत्ता बनाउने व्यवसायी |
| ६ | त्रिखुट्टे | गंगानगर | १ | १२ | जुत्ता बनाउने व्यवसायी |
| ७ | फाइवर झोला मेशिन | रत्ननगर | १ | १२ | फाइवर झोला बनाउने व्यवसायी |
| ८ | आईरन | खैरहनी | ११ | ११ | सिलाई कटाई व्यवसायी |
| ९ | जुत्ता फर्मा | कालिका | ९ | ९ | जुत्ता बनाउने व्यवसायी |
| १० | त्रिखुट्टे | कालिका | १ | ९ | जुत्ता बनाउने व्यवसायी |

### प्रविधि (स्तरउन्नतीतर्फ)

- सहमति शाखा कार्यालय, चितवनबाट हस्तान्तरण गरिएको प्रविधिहरु :

| क्र.सं. | औजारको नाम | ठेगाना | परिमाण | उद्यमी संख्या | व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| १ | वाँसका आवस्यक सामाग्रीहरु | भरतपुर १८ गुन्जनगर | | १६ जना | वाँसका मुडा वनाउने व्यवसाय |
| २ | खाना पकाउने तथा पानी खुवाउने भाडा | भरतपुर २३ वुद्धिनगर | १० वटा | १० | वाख्रा पालन व्यवसाय |
| ३ | सिलाई मेसिन तथा आईरन कैंची | इच्छाकामना कालिखोला | १० सेटमेसिन २ | १० | सिलाई कटाई व्यवसाय |
| ४ | प्लाष्टिक तथा जमाउने भाँडा | राप्ती लोथर | प्लाष्टिक २० सेट जमाउने भाडा ४ | २० | च्याउखेती व्यवसाय |

### सिप विकास तालिमको लागी सीप तथा सहभागी विवरण

| क्र.सं. | शिप विकास तालिम | ६ स्थान | तोकिएका न.पा. र गाविसका स्थानहरुमा सञ्चालन भएको |
|---|---|---|---|
| १ | ढाका बुनाई | भरतपुर २३ जगतपुर | १० जना सहभागी रहेको ९० दिने तालिम |
| २ | जुत्ता चप्पल | भरतपुर २३ जगतपुर | १२ जना सहभागी रहेको १५ दिने तालिम |
| ३ | सिलाई कटाई | भरतपुर-१३ गंगानगर | १४ जना सहभागी रहेको ९० दिने तालिम |
| ४ | कुखुरापालन | भरतपुर-१३ गंगानगर | ११ जना सहभागी रहेको १५ दिने तालिम |
| ५ | सिलाई कटाई | रत्ननगर | ९ जना सहभागी रहेको ४५ दिने तालिम |
| ६ | फाईवर | रत्ननगर | १२ जना सहभागी रहेको १५ दिने तालिम |
| ७ | हाउस वाईरिङ्ग | रत्ननगर | ११ जना सहभागी रहेको ४५ दिने तालिम |

| | | | |
|---|---|---|---|
| ८ | जुत्ता, चप्पल | कालिका | १० जना सहभागी रहेको १५ दिने तालिम |
| ९ | डल, कुशन | कालिका | १५ जना सहभागी रहेको १५ दिने तालिम |
| १० | सिलाई कटाई | खैरहनी | १४ जना सहभागी रहेको ९० दिने तालिम |
| ११ | पार्लर | खैरहनी | ४ जना सहभागी रहेको ४५ दिने तालिम |
| १२ | कुशन | खैरहनी | ९ जना सहभागी रहेको १५ दिने तालिम |
| १३ | सिलाई कटाई | राप्ती | १२ जना सहभागी रहेको ४५ दिने तालिम |
| १४ | कुशन | राप्ती | १३ जना सहभागी रहेको १५ दिने तालिम |
| १५ | सिलाई कटाई | माडी | १४ जना सहभागी रहेको ४५ दिने तालिम |
| १६ | झोला | माडी | ८ जना सहभागी रहेको ४५ दिने तालिम |
| १७ | सिलाई कटाई | इच्छाकामना | ११ जना सहभागी रहेको ९० दिने तालिम |
| १८ | वास | इच्छाकामना | १४ जना सहभागी रहेको ४५ दिने तालिम |

## ४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, नवलपरासी

ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानिय श्रोत साधनको प्रयोग गर्दै गरिवीका रेखामुनि रहेको समुदायको जीवन स्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्धेश्यले क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय, पोखरा कास्की, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी र सहमति गैडाकोट विच आर्थिक वर्ष ०७४/०७५ को लागि त्रिपक्षीय सम्झौता भई कार्यक्रम संचालन भएको हो । **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)** उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशिलता विकास, प्राविधिक सिप विकास, लघुवित्तमा पहुँच र वस्तु सेवा बजारिकरण तथा व्यवसाय परामर्श गर्ने मेडपा मोडलको आधारमा नवलपरासी अन्तर्गत पाल्हीनन्दन र प्रतापुर गाउँपालिका अनि नवलपुर अन्तर्गत देवचुली नगरपालिका र बौदीकाली गाउँपालिकामा कार्यक्रम संचालन भएको हो । कार्यक्रमको अन्त्यमा २०० जना नयाँ उद्यमी सिर्जना र ३१७ जनाको स्तरोउन्नति गर्ने यसको उदेश्य हो ।

- १ वटा नगरपालिका र ३ वटा गाउँपालिकामा उद्यम विकास समिति गठन भई नगरपालिका, गाउँपालिका अन्तर्गतको अभिमुखिकरण कार्यक्रम सफल रुपमा सम्पन्न ।
- श्रोत संभाव्यता अध्ययन कार्यक्रम सम्पन्न ४ वटै स्थानिय निकायमा ।
- ४ वटा स्थानीय निकायमा ८ वटा सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न ।
- उद्यमशिलता विकास तालिम कार्यक्रम ४ वटा स्थानिय निकाय अन्तरगत ८ वटा स्थानमा सम्पन्न ।
- नयाँ उद्यमी सिर्जना अन्तरगत लामो अवधिको तालिममा ६४ जना, मध्यम अवधिको तालिममा ६० जना र छोटो अवधिको तालिममा ८३ जना गरि जम्मा २ सय ७ जनाले विभिन्न विषयमा तालिम लिन सफल ।
- विगतमा सीप विकास तालिम लिएर उद्यम गरि रहेका उद्यमीहरुको अनुगमन, परामर्श, छलफलद्वारा आवश्यकता पहिचान गरी मेडपाको स्तरोन्नति अन्तर्गत ८५ जनाले तालिम र ९४ जनाले उपयुक्त प्रविधी हस्तान्तरण कार्य सम्पन्न गर्न सफल ।
- मेडेप अन्तर्गत विगतमा सीप विकास तालिम लिई विभिन्न व्यवसाय गरिरहेका उद्यमीहरुको आवश्यकता पहिचान गरी ८६ जनाको स्तरोन्नति अन्तर्गत सिप विकास सम्बन्धि तालिम र ५३ जनालाई उपयुक्त प्रविधि हस्तान्तरण कार्य सम्पन्न ।
- मेडेप र मेडपा गरी स्तरोन्नति कार्यक्रम अन्तर्गत सीप विकास तालिम १७१ र उपयुक्त प्रविधि हस्तान्तरण १४७ गरी जम्मा ३१८ जनाको स्तरोन्नति ।
- सिप विकास तालिम पश्चात् उद्यमीहरुलाई व्यवसाय संचालन गर्नको लागि लघु कर्जा, उद्यमी र विक्रेता बीच अन्तरक्रिया र अवलोकन भ्रमण जस्ता कार्यक्रम सम्पन्न ।
- उद्यमीहरुको आवश्यकता पहिचान गर्ने क्रममा रामग्राम ८ घनश्यामपुरमा दुर्गा लघु उद्यमी समूहलाई अघिल्लो वर्ष मसला पिस्ने मेशिन उपलब्ध गराईएको मेशिन जडान नगरिएकोले यो कार्यक्रममा संबन्धित निकायसँग छलफल गरी २ महिना अघि जडान गरी व्यवसाय संचालन गरेको र हाल अनुगमनमा जाँदा विद्युतको चार्ज तिरी रु ५ हजार आम्दानी गरेको पाइयो ।

## ५. अमिलो जातका फलफूलहरुको बजार विकास कार्यक्रम

- ✓ परियोजना सञ्चालित ३ जिल्ला नवलपूर, तनहुँ र गोरखामा १५०० रोपनीभन्दा बढी क्षेत्रफलमा परियोजनाको प्रत्यक्ष सहयोगमा १८००० र कृषक स्वयं तथा गाउँपालिकासँगको समन्वयमा थप ७००० गरी २५००० वटा कागती तथा सुन्तलाको विरुवाहरु कृषकले लगाइसकेका छन् फलस्वरुप ३ वर्षपछि सुन्तलाखेती र कागतीखेतीमा संलग्न किसानहरुको नियमित आम्दानीमा कम्तीमा पनि ४ करोडले थप हुनेछ ।
- ✓ परियोजनाबाट सहयोग प्राप्त सहकारीहरुमा महिला ७ जना र पुरुष २ जना गरी ९ जना स्थानीय युवाहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका ।
- ✓ गोरखा पालुंगटार नगरपालिका वार्ड नं. ८ र ९, तनहुँको देवघाट गाउँपालिकाको कोटा गाउँ तथा नवलपुरको बुलिंगटार गाउँपालिकाको साविक बुलिंगटार गाउँ तथा बौद्दीकाली गाउँपालिकाको साविक डेढगाउँमा रोपिएको ३ वर्षभित्र फल दिन सुरु गर्ने Grafted कागतीको विरुवा रोपी कागतीको विशेष प्लटहरुको विकासका लागि कार्य थालनी भएको

- ✓ नवलपूर जिल्लामा १ वटा, तनहुँ जिल्लामा ३ वटा र गोरखा जिल्लामा ११ वटा गरी कूल १६ वटा साना सिँचाई कार्यक्रम सम्पन्न जसबाट २५० रोपनीभन्दा बढी जमिनमा रहेको सुन्तला तथा कागतीको बगैंचामा सिँचाई सुविधा उपलब्ध, सुन्तला तथा कागती उत्पादनमा वृद्धि हुने अपेक्षा
- ✓ नवलपुर, तनहुँ र गोरखा जिल्लाका ४० जना कृषकहरुले आफनो आफनो घरमा गँड्यौला मल पिट तयार पारी गँड्यौला मलको प्रयोग गर्न सुरु भईसकेको
- ✓ नवलपुर तथा तनहुँ जिल्लामा १० वटा कम लागत पर्ने शून्यशक्ति शीत भण्डारको स्थापना, किसानहरुले सुन्तलाको सिजनमा सुन्तला राख्ने गरी हाल विभिन्न कृषि उत्पादन जस्तै साग, आलु, गोलभैंडा राखी परीक्षण गरिरहेका छन्
- ✓ परियोजनाले सहयोग गरीरहेका ५ वटा कृषि सहकारीहरुमा ३ करोडभन्दा माथीको कारोबार भएको, महिला १३५१ र पुरुष ६५५ (जनजाती १५४८, दलित १४६ र ब्राम्हण क्षेत्री ठकुरी ३३९) गरी कुल २०४६ जना शेयर सदस्य रहेका, शेयर पूँजी रु.७२८९४५०, बचत रु.१४७८७९०२ तथा रु.२५९९१०६८ ऋण लगानीमा रहेको
- ✓ परियोजनाबाट सञ्चालित विभिन्न क्षमता विकाससम्बन्धी कार्यक्रममा हालसम्म महिला २१२ र पुरुष २६७ गरी जम्मा ४७९ जना कृषकहरुको सहभागिता भएको जसमध्ये दलित २४ जना, जनजाति २९३, ब्राम्हण क्षेत्री ठकुरी १६२ जना रहेका

### ६. सहज स्वास्थ्य सहकारी संस्था लि.

- मिति २०७४/११/७ गते अस्पतालको वार्षिक उत्सवको अवसरमा अस्पतालद्वारा सञ्चालित घरदैलो प्राथामिक स्वास्थ्य सेवा कार्यक्रम अर्न्तगत रहेका महिला स्यमसेविका समूह भित्रबाट अन्तर महिला स्वास्थ्य हाजिरि जबाफ प्रतियोगिता सम्पन्न ।
- मिति २०७४/१२/३० गते गैडाकोट बोडिङ स्कुलसँगको सहकार्यमा विधार्थी तथा अभिभावको स्वास्थ्य जाँच र ल्याव टेस्ट गरियो ।
- मिति २०७५/१/२१ गते दिन गैडाकोट नगरपालिका भित्रका १ देखि ९ वडा सम्मका विधालयहरुका प्र.अ हरुसँग स्वास्थ्य सचेतना सम्वन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०७५/०३/१३ गते विजय सामुदायिक शिक्षा सदनसँगको सहकार्यमा विधार्थीको स्वास्थ्य जाँच तथा ल्याव टेस्ट सम्पन्न ।
- सयुक्त रुपमा सञ्चालन गदै आइरहेको रक्तदान कार्यक्रमा यस वर्ष पनि मिति २०७५/२/१९ गते सम्पन्न
- मिति २०७५/२/१ गते उधोगपति वरिष्ठ समाजसेवी संघिय सभाका माननिय सासंद श्री विनोद कुमार चौधरी ज्यूलाई स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न
- घरदैलो प्राथामिक स्वास्थ्य सेवा कार्यक्रम अर्न्तगत बङ्गलादेशको Aspada paribesh unnayan Foundation मा एक वर्ष सहकारी र स्वास्थ्य क्षेत्रमा काम गरि नेपाल आउनु भएका डा. विवेक आचार्य र कल्पना विश्वकर्मा बाट मिति २०७५/०४/२२ गते मेलमिलाप साकोस र०४/२३ गते युग चेतना नारी साकोसमा सिकाई अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न ।

### केन्द्रीय कार्यालय गतिविधि

- सहमति नवलपुर र नवलपरासी (वर्दघाट-सुस्ता पूर्व र पश्चिम) दुवै जिल्लाको जिल्ला अगुवा सहयोगी निकाय (DLSA) मा चयन । दुवै जिल्लाको जिल्ला विपद् पूर्व तयारी र प्रतिकार्य योजना (DRPP) आवधिक र प्रकाशन गरी जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) बाट अनुमोदन र स्वीकृती ।
- चौधरी समूह अन्तर्गतको Chaudhary Foundation सँग सहकार्य गरी नवलपुर जिल्लाको सर्वाङ्गिण विकास दस्तावेज तयार गरिएको ।
- हेईफर ईन्टरनेशनल नेपालसँगको साझेदारीमा १४ जिल्लाका ८७ सहकारीहरुको प्रवर्द्धन गर्ने नयाँ साझेदारीको शुरुवात ।
- सहमति केन्द्रिय कार्यालयमा विद्युतिय हाजिरी प्रणाली (Biometric Attendance System) को शुरुवात ।
- सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा अमिलो जातका फलफूलहरुको बजार विकास कार्यक्रम-IV नवलपरासी, तनहुँ र गोर्खा जिल्लामा पुन सञ्चालन ।
- सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित वाटर विन्डो नेपाल-भारत सीमा उत्थानशील समुदाय परियोजना नवलपुर र नवलपरासी जिल्लाहरुमा पुन: सञ्चालन । (August to December, 2018)
- सहमति संस्थाका पूर्व अध्यक्ष तथा वर्तमान कार्यसमितिका सदस्य तथा गैर सरकारी संस्था महासंघ-नेपाल पश्चिमाञ्चल क्षेत्रीय समितिका पूर्व अध्यक्ष श्री करुणा सागर सुवेदीज्यूलाई सामाजिक विकासको अभियानमा उल्लेखनीय सेवा र योगदान पुऱ्याउनु भएकोले प्रदेश नं.-४, "नागरिक सम्मेलन तथा गैसस प्रथम अधिवेशन कार्यक्रम" मा यस प्रदेशका माननीय मुख्य मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्गद्वारा सम्मान ।
- सहमति र घरेलु तथा साना उद्योग, भरतपुरको साझेदारीमा चितवन जिल्लामा सञ्चालित "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम" सफल रुपमा सम्पन्न ।
- सहमति र अक्सफाम GB सँगको साझेदारीमा नवलपरासी जिल्लामा सञ्चालित "जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम" सफल रुपमा सम्पन्न ।
- सहमति र घरेलु तथा साना उद्योग, नवलपरासीको साझेदारीमा नवलपरासी जिल्लामा सञ्चालित "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम" सफल रुपमा सम्पन्न ।
- सहमति र मर्सिकोर नेपालको साझेदारीमा नेपालका पूर्वी ५ वटा पहाडी जिल्लाहरुमा सञ्चालित "सफल-२" सफल रुपमा सम्पन्न ।

### सहमति अध्ययन केन्द्र :

जम्मा दिन : ४१ (फाल्गुणदेखि असारसम्म)

जम्मा : ५८१ जना महिला : २०३ जना पुरुष : ३७८ जना

# हाल सञ्चालित कार्यक्रमहरूको फोटो झलक



धानको बीउ वितरण, त्रिवेणी सुस्ता



प्रदेश नम्बर-५ सरकारबाट सुस्ताको सशस्त्र प्रहरी बललाई मोटरबोट हस्तान्तरण ।



समुदायका मानिसहरु जोखिम नक्सांकन बोर्ड अवलोकन गर्दै, नर्सही सुस्ता ।



पशु प्राविधिक तथा सामाजिक परिचालकहरुद्वारा पशु धनको विमा गराउँदै, सुस्ता ।



व्यवसायिक कृषक जितेन्द्र कुर्मी, सुस्ता-५, सुस्ता



बाढी पूर्व तयारी नमूना अभ्यास गर्दै विपद् व्यवस्थापन समितिका कार्यदलका सदस्यहरु, सुस्ता ।



मेडपा कार्यक्रम, चितवन अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रम, रत्ननगर ।



ढाका बुनाई तालिमको अनुगमन, भरतपुर-२३



सिलाई कटाई तालिमका सहभागीहरु, रत्ननगर ।




कुशन तालिमका सहभागीहरु, खैरहनी नगरपालिका ।



व्यूटिपार्लर तालिमका सहभागीहरु, माडी नगरपालिका ।



पाल्हिनन्दन गाउँपालिका ३ बेलासपुरमा अनुगमनको क्रममा उद्यमीहरुले बनाएका चप्पल अवलोकन गर्दै उद्योग अधिकृत श्री नन्दलाल पौड्याल र अनुगमन उप-समिति संयोजक श्री सीता पोखरेल



बाँसको मुढामा पटेरले कभर गर्दै प्रतापपुर ५ बसहियाका उद्यमीहरु



पाल्हिनन्दन गाउँपालिका ३ बेलासपुरका उद्यमीहरु मेटल चुरामा बनाउने तालिम समापन पश्चात फोटो खिचाउँदै तालिमका सहभागीहरु ।



तालिमपछि सुन्तला बोटलाई काटछाट गर्दै किसान, नवलपुर ।

# हाल सञ्चालित कार्यक्रमहरूको फोटो झलक



३ दिने PEARLS तालिमको उद्घाटन सत्रमा प्लान इन्टरनेशनल नेपालका एरिया मेनेजर मिना पौडेल, गुलरिया ।



उद्यम विकास तालिम पश्चात् सहकारीका ऋण लिई व्यवसाय शुरु गर्दै विश्राम सहकारीका अध्यक्ष सुनिता चौधरी ।



सहकारीका कार्यसमिति सदस्यहरु लेखा व्यवस्थापन तालिममा सहभागी हुँदै ।



सहकारीका ऋण लिई व्यवसाय शुरु गर्दै सवल सहकारीकी सदस्य श्री सूर्य कुमारी चौधरी ।



CMDP परियोजनाको सहयोगमा डाँडाफेरी, छरछरेमा समुदायले बनाएको मोटर बाटो ।



गडौला मल तयारी पिट-कुटिया जौवारी, नवलपुर



IPM तालिम गोर्खा, मनकामना



कम लागतमा बनेको शुन्यशक्ति शित भण्डार, बौंदिकाली गाउँपालिका ।



सहकारीको व्यवसायिक योजना बनाएपछि सामुहिक फोटो खिचाउँदै सहभागी, गोर्खा-मनकामना



सुन्तला बगैंचा, राईकोट-नवलपुर ।

प्रेषक

सहमति
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०७८-५०२०९०
E-mail:sahamatico@gmail.com
Website : www.sahamati.org

प्रापक

टिकट